
# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



विदाई समारोह पश्चात् चाइनिज भिक्षुह[illegible] ई [illegible] उपहार प्रदान गर्नुहुँदै धम्मवती गुरुमाँ

DHARMAKIRTI


**योमरी पुन्ही**

वर्ष-२१; अङ्क-९

**बिक्रम सम्वत् २०६०**

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| क्रसं | विषय | लेखक | पेज नम्बर |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- बुद्ध मार्ग प्रदर्शक मात्र हुन् | - | २ |
| ३. | धम्मपद-१६५ | - रीना तुलाधर | ३ |
| ४. | शाक्यमुनी बुद्ध-३ | - भिक्षु धम्मावुध | ४ |
| ५. | नक्षत्रले दिन दशा राम्रो कि नराम्रो | - भिक्षु संघरक्षित | ७ |
| ६. | हाम्रो समाज : कर्तव्यभन्दा पूजामा मस्त | - डिल्लीरमण रेग्मी | ८ |
| ७. | बाल आश्रमय्‌यात गुहाली | - | ९ |
| ८. | प्रतिपदा | - भूषण शर्मा हुमागाई | १० |
| ९. | पश्चाताप (पछुटो) भनेको के हो ? | - बी.एम. श्रेष्ठ | १२ |
| १०. | कामना | - के.पी. घर्ती मगर | १३ |
| ११. | झीगु संस्कृति | - किशोर धुस: | १३ |
| १२. | निर्वाण - किन यतिको जटिल ? | - गणेश माली | १४ |
| १३. | सप्तरत्न धन-७ प्रज्ञा-७ | - प्रकाश वज्राचार्य | १५ |
| १४. | छलफल - बुद्ध जन्मस्थान लुम्बिनी कता पऱ्यो ? | - मेघदूत | १७ |
| १५. | बुद्ध तिमी फर्केर आउ | - अम्बिका शाक्य | १८ |
| १६. | माँया लुमन्ती | - लक्ष्मी हीरा तुलाधर | १९ |
| १७. | धर्मकीर्ति विहार-गतिविधि | - | २० |
| १८. | धर्म प्रचार-समाचार | - | २२ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी त:धंगु तिब: ज्वीफु ।
- छि थ: ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थ:गु पस:, उद्योग, व्यापार, कार्यालयया बिया द्यूगु प्रत्येक विज्ञापन पत्रिकायात त:धंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचा: याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरु
**चिनीकाजी महर्जन**
फोन: ४२५३ १८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
फोन: ४२५७ ५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५९ ४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००३
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**DECEMBER 2003**


| वर्ष- २१ | अङ्क- ९ | योमरी पुन्ही | पौष २०६० |
|---|---|---|---|





★ जसलाई यो विषरूपी नीच तृष्णाले छोड्दैन त्यसको चित्तमा वर्षामा वीरण भन्ने घाँस बढे झैं शोक बढ्दछ ।

★★★

★ किन्तु जसले यो नीच तृष्णालाई वशमा राख्दछ, त्यसको शोक कमलको फूलको पातबाट टपकेको पानीको थोपा झैं गिर्दछ ।

★★★

★ जरा न उखेली केवल काटेर मात्रै राखिएको रुख फेरि फेरि पलाए झैं इच्छाको समूल नष्ट नगर्ने व्यक्तिलाई दुःख बारंबार आउँछ ।

# बुद्ध मार्ग प्रदर्शक मात्र हुन्

भनिन्छ बुद्धको जन्म नै मानिसहरूलाई दु:खबाट मुक्त गरिदिनको लागि हो । तर यो असमझदारी र अज्ञानताको कुरो हो । किनभने बुद्धले त स्पष्ट रुपमा भन्नुभएको छ–

**"तुम्हेहि किच्चं कातब्बं अक्खातारो तथागतो"**

अर्थात्– तथागत त मार्ग प्रदर्शक मात्र हुनुहुन्छ । उहाँले कसैलाई पनि हात समातेर निर्वाण मार्गमा डोऱ्याउन सक्नु हुन्न । त्यतिमात्र होइन

**"सुद्धि असुद्धि पच्चत्तं न अञ्ञमञ्ञं विसोधये"**

अर्थात्– शुद्ध हुनु र अशुद्ध हुनु त आ-आफ्नै हातको काम हो ।

यो एक सत्य कुरो हो, मानिसहरूलाई मार्ग देखाउनु सम्झाउनु, बुझाउनु तथा अर्ति दिन अत्यावश्यक छ । यसको लागि सही शिक्षा दिनसक्ने गुरुको खाँचो रहेको छ । तर गुरु मात्र ठीक भएर पनि काम चल्दैन । उक्त गुरुले सिकाएको शिक्षा र आदेशलाई शिष्यहरूले श्रद्धापूर्वक पालन गर्न पनि अत्यावश्यक छ । गुरुको ठीक आदेशलाई सकारात्मक दृष्टिले हेर्ने क्षमता शिष्यहरूमा हुनु आवश्यक छ । शिष्यहरूले बढी भन्दा बढी अंक ल्याई परीक्षामा सफल हुने प्रतिज्ञा र लक्ष राखी मेहनतपूर्वक अध्ययन गर्न आवश्यक छ ।

यसरी नै बुद्ध एक असल गुरु हुनुहुन्छ । उहाँको शिक्षा अध्ययन गर्ने र सुन्ने व्यक्तिले त्यस शिक्षालाई ठीक तरिकाले बुझ्ने र त्यसलाई आफ्नो व्यवहारमा प्रयोग गरी आफ्नो नराम्रो व्यवहारहरूमा सुधार ल्याउन नसकेसम्म दु:खबाट मुक्त हुन असम्भव छ ।

उदाहरणको लागि क्रोधी, घमण्डी आलवक नामगरेको राक्षसी स्वभावको एक व्यक्तिको निवास स्थानमा बुद्ध जानु भयो । त्यस व्यक्ति बुद्ध देखेर ज्यादै रिसाएछ । तर बुद्धले आफ्नो शान्त स्वभाव र नरम स्वरले भन्नु भएछ– "आलवक महाशय ! तिमीले आफ्नो जीवनमा सुखको चाहना गर्छौ भने तिमीमा श्रद्धा, धर्म आचरण र सत्य आचरण हुनु अत्यावश्यक छ । अरुलाई दु:ख दिएर धम्काएर, शोषण गर्दैमा मनले शान्ति प्राप्त गर्न सकिंदैन । हरेक व्यक्तिले आफ्नी श्रीमती र परिवारसंग राम्रो, शिष्ट र नरम बोली व्यवहारको प्रयोग गर्न सक्नुपर्दछ । आफ्नो मुख अगाडि प्रशंसा र मान सम्मान पाएकोमा मात्र सन्तुष्ट बन्नु भन्दा मुख पछाडि पनि मान सम्मान र प्रशंसा पाउन सकेमा मात्र त्यसबाट सही सुख र आनन्द प्राप्त हुन सक्दछ ।

बुद्धको तर्फबाट यी शिक्षाहरू सुनेपछि क्रोधी आलवक अलि झस्किंदै महशूस गरेछ– "बुद्धले भन्नुभएको कुरो सही हो । राम्रो शिक्षा हो यो । आजसम्म मैले कसैको मुखबाट यस्तो शिक्षा सुनेको छैन । बुद्धले मेरो समक्ष निडर र निर्भिकपूर्वक मैत्री चित्तले मलाई अर्ति दिनु भएको छ । म प्रति दया माया प्रकट गरेर नै उहाँ मेरो समक्ष आउनु भएको रहेछ । आज देखि मैले आफ्नो क्रोधी र अभिमानी स्वभाव त्याग्नु पर्दछ ।" यति सोच्दै उसले आफ्नो भूल स्वीकार गर्दै आफ्नो अज्ञानता र राक्षसी स्वभाव प्रकट गरेकोमा बुद्ध समक्ष क्षमा मागेछ । उसले बुद्धले दिनु भएको शिक्षाको कारणले आफ्नो गलती महशूस गर्न सक्ने क्षमता आफूमा उत्पन्न भई हृदय परिवर्तन भएको कुरो प्रकट गऱ्यो । यसरी एक अज्ञानी व्यक्ति राम्रो शिक्षाको कारणले ज्ञानी बन्यो । बुद्धको शिक्षा मार्ग प्रदर्शक भए जस्तै त्यस मार्गलाई जसले अनुमोदन गर्छ, त्यसले मात्र सफलता प्राप्त गर्दोरहेछ । त्यसैले आफ्नो खराब आचरणमा सुधार गर्नु र आफूलाई अज्ञानी बनाइराख्नु आ-आफ्नै हातको कुरो हो । जसले आफ्नो गल्तीलाई आफैले महशूस गर्दछ, त्यही व्यक्ति ज्ञानी हुनसक्दछ । बुद्धले ज्ञानी बनाउने जिम्मा लिनु भएको छैन । उहाँले त ज्ञानी बन्ने बाटो मात्र देखाउनु भएको छ । त्यो बाटोमा जुन व्यक्ति जान्छ, त्यही ज्ञानी बन्नेछ ।

Downloaded from http://www.dhamma.digital

# धम्मपद–१६५

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**अयोगे युञ्जमत्तानं-योगस्मिञ्च अयोजयं**
**अत्थं हित्वा पियग्गाहो-पिहेतत्तानुयोगिनं**

अर्थ- अकुशल कर्ममा मात्र लाग्ने, कुशल कर्ममा नलाग्ने तथा परमार्थलाई छोडेर संसारको आकर्षणमै लाग्ने व्यक्तिले त्यो संग डाह गर्छ जो आत्म उन्नतिको काममा लगनशील हुन्छ ।

**मा पियेहि समागञ्छि-अप्पियेहि कुदाचनं**
**पियानं अदस्सनं दुक्खं-अप्पियानञ्च दस्सनं**

अर्थ- प्रिय तथा अप्रिय दुबैको संगत नगर्नु, प्रिय सँग बिछडनु उतिकै पीडाडायक छ; त्यतिकै पीडा अप्रियसँग रहनुमा छ ।

**तस्मा पियं न कयिराथ**
**पियापायो हि पापको**
**गन्था तेसं नं विज्जन्ति**
**येसं नत्थि पियाप्पियं**

अर्थ- त्यसकारण प्रिय भन्ने नबनाउनु । प्रियसँग बिछड्नु दु:खदायी हुन्छ । जसको कोही प्रिय छैन न अप्रिय छ त्यसलाई कुनै बन्धन हुँदैन ।

घटना- उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु भएको बेला तीनजना प्रव्रजितहरूको कारणमा भन्नु भएको थियो ।

त्यसबेला श्रावस्ती नगरमा कसैको एक्लो प्यारो छोरो थियो । एकदिन तिनको घरमा भिक्षु संघलाई निमन्त्रणा गरेर भोजन दान गराइयो । भोजन पश्चात् भिक्षुहरूले धर्मदेशना गरे । भिक्षुहरूको धर्म देशनाबाट त्यस घरका एक्लो छोरो अति प्रभावित भए । तिनले आफ्नो आमाबाबुसँग आफू प्रव्रजित हुन अनुमति मागे । आफ्ना अति प्रिय छोरोलाई प्रव्रजित हुन आमाबाबुले अनुमति दिएनन् । त्यसबेला देखि छोरोचाहिँले भागेर गएरै भएपनि प्रव्रजित हुन जाने मौका खोजीरहे । अत: आमाबाबु दुबैले छोरालाई एकछिन छोडेन । बाबुचाहिँ घरबाट बाहिर जानु पऱ्यो भने 'छोरालाई राम्रो सँग हेर्नुहै' भनेर आमाचाहिँलाई जिम्मा लगाएर जान्थ्यो भने आमाचाहिँ बाहिर जानु पऱ्यो भने बाबुचाहिँलाई जिम्मा लगाएर जान्थ्यो ।

एकदिन बाबुचाहिँ घरबाट बाहिर गए । आमाचाहिँको पालो थियो छोरालाई रक्षा गर्नु । अत: छोराको राम्रैसँग रक्षा गर्नेछु भनीकन आमाचाहिँ घरको ढोकाको एउटा खापामा एउटा खुट्टा अर्को खुट्टा अर्को खापामा तेर्साइ भुइँमा बसेर कपास कातीरहीन् । त्यसदिन भागीहाल्छु भनी अठोट गरी छोरा चाहिँले आमासँग भने– "आमा खुट्टा एकछिन हटाउनुस् न । म एकछिन चर्पीमा जानु पऱ्यो," आमाचाहिँले त्यसको कुरा पत्याएर खुट्टा हटाइदियो । मौका छोपी त्यो युवक दौडेर सिधै विहारमा गए । त्यहाँ पुगेर भिक्षुहरूसँग प्रव्रज्या मागेर भिक्षु बने । यसबाट आमा बाबु दुबैजना अति दु:खित भए । विलाप गरे । आफ्ना एक्लो छोरो भिक्षु बनेपछि हामीमात्र के को लागि घरमा बसुं भनी पहिले बाबुचाहिँ त्यसपछि आमाचाहिँ दुबैजना पनि प्रव्रजित भए ।

प्रव्रजित भएपछि तिनीहरू तिनैजना एक आपसमा भएको कारण प्रव्रज्या धर्मलाई बिर्सी एकसाथमा बसी यताउतीको गफ्सफ् गरेर बस्थ्यो यसले गर्दा अरु भिक्षुरूलाई बाधा हुन्थ्यो । तिनीहरूलाई सम्झाउन खोज्दा पनि नसम्झे पछि भिक्षुहरूले तिनीहरूको बारेमा बुद्ध समक्ष उजूरी गर्न गए । बुद्धले तिनीहरूलाई बोलाउन पठाउनु भयो र सोध्नु भयो- "साँच्चै हो के तिमीहरू प्रव्रज्या धर्म पालन नगरी चाहिने नचाहिने अनावश्यक गफ् गरेर हिँड्छौ ।" तिनीहरूले 'हो' भनेर स्वीकार गरेपछि बुद्धले त्यस्तो गर्नाको कारण सोध्नु भयो । तिनीहरूले जवाफ दिए– "हामीहरू एक अर्कासँग अलग्गिएर बस्न सक्तैनौं ।" बुद्धले भन्नुभयो "प्रव्रजित भईसकेपछि त्यसरी सँगै बस्नु उचित छैन । आफ्ना प्रियलाई देख्न नपाउनु र अप्रियलाई देखीरहनु पर्ने यी दुईवटै दु:खदायी हुन्छ । अत: सत्व प्राणीले यो संसारमा प्राणी होस् वा वस्तु होस् त्यसलाई प्रिय वा अप्रिय भनेर छुट्याउनु हुँदैन ।

यसरी उपदेश दिनु भई भगवान बुद्धले उपरोक्त गाथाहरू भन्नु भयो । ■

**★ लेखकहरूलाई विशेष अनुरोध एवं सूचना ★**

धर्मकीर्ति पत्रिकाको लागि लेख, कविता, आदि रचनाहरू छाप्नका लागि पठाउनुहुने लेखकहरूले स्पष्ट अक्षर सहितको एकतर्फी मात्र लेखेर पठाउनु हुन अनुरोध गरिएको छ । अन्यथा उक्त रचनाहरू पत्रिकामा नछापिने व्यहोरा पनि सूचित गरिन्छ । (-प्र. सम्पादक)

# शाक्यमुनी बुद्ध–३

✎ भिक्षु धम्माउध, बर्मी

सिद्धार्थ कुमारले उनीहरूको अनुरोध (बिन्ति) लाई स्वीकार गर्नुहुँदै त्यहिं बस्नुभई उनीहरूले गरिराखेको तपस्याको अभ्यास गर्न थाल्नुभयो।

उनीहरूको विचारमा जाडोयाममा पानीमा डुबिरहनु गर्मीयाममा दिउँसोको (टन्टलापुर) घाममा उत्तानो पारी घाम तापिरहनु, सूर्य तर्फ आफ्नो हात उठाई बसिरहनु आदि विभिन्न तरिकाले तपस्या गरियो भने दुःख हटेर जानेछ भन्ने दृढ विश्वास रहेको रहेछ। शरीरलाई कष्ट दिई गरिने तपस्याको अभ्यास गरिसके पछि सिद्धार्थले यसरी विचार गर्नुभयो– "यो धर्म गतिलो र असल धर्म होइन। यी तरिकाहरूले आफ्नो मन भित्र रहेका क्लेश हटेर जाँदैन र दुःख नाश हुन सक्दैन।" यति विचार गरिसकेपछि सिद्धार्थले ती ऋषि ऋषिणीहरूलाई भन्नुभयो–

"तपाईंहरूको तपस्यालाई मैले अभ्यास गरि सकें। तर यस प्रकारको अभ्यासले हाम्रो जीवनको रहस्य र संसारको वास्तविकतालाई बुझ्न सकिँदैन। भवचक्रबाट छुटेर जाने उपाय छैन यसमा। त्यसैले यहाँबाट जानको लागि विदा माग्न आएको छु।"

(सिद्धार्थको कुरा सुनी) त्यहाँ बस्ने एक बुढो ऋषिले भन्न थाल्यो– ए युवक ऋषि ! तिमीलाई दुःख हटाउने इच्छा रहेको छ भने तिमी विन्ध्या नाम गरेको पर्वतमा आलारक र उद्दकराम भन्ने दुईजना ऋषीहरू छन्। उनीहरू प्रसिद्ध र विद्वान छन्। त्यहाँ गयौ भने तिम्रो मनले इच्छाएको जस्तै ज्ञान प्राप्त गर्न सक्नेछौ।

सिद्धार्थ कुमार त्यहाँबाट बाहिर निस्कने तयारीमा लागेको बेला त्यस जंगलमा बस्ने ऋषिनीहरू आई यसरी बिन्ति गर्न थाल्यो–

"भो ऋषि ! तपाईं यहाँबाट किन निस्कन लाग्नु भएको ? तपाईं यहाँ रहनुभएको बेला देखि हामीलाई ज्यादै रमाइलो भएको थियो। तपाईं यहाँबाट जानुभयो भने यहाँ बत्ति निभेजस्तै अन्धकार हुनेछ। हामीतर्फबाट तपाईंलाई कुनै भूल हुन पुग्यो कि ? हाम्रो कुनै भूल भएमा हामीलाई क्षमा दिनुहोस्। कृपा राखी तपाईं यहिं रहने गर्नुस्। हामीले तपाईंलाई अझ बढि सेवा पुऱ्याउने छौं।

(उनीहरूको कुरा सुनी) सिद्धार्थ कुमारले भन्नुभयो– "भो ऋषिनीहरू हो ! मलाई तपाईंहरूले जसरी श्रद्धा राखी स्वागत र सेवा गर्नु भएको थियो त्यसले मलाई तृप्त गरेको छ। यसले मलाई प्रसन्न बनाएको छ। म कृतज्ञ बनेको छु, यसको कारणले। तर मेरा आमा-बुबा र श्रीमती एवं अन्य परिचारिकाहरूलाई मैले त्याग गरेर आएको हुनाले उनीहरू सबै शोकमा डुबेका छन्। उनीहरूलाई त्याग गरेर आएको हुँदा मलाई त आनन्द नै भएको छ। यदि मलाई उनीहरूले पनि यसरी नै त्यागेर गएको भए म पनि उनीहरूले जस्तै चित्त दुखाई रोइरहने छु होला। अहिले तपाईंहरूले मलाई त्यागेर जानु अघि मैले नै तपाईंहरूलाई त्यागेर जानु राम्रो लाग्यो मलाई।"

यति भन्नुहुँदै बोधिसत्त्व सिद्धार्थ अनुप्रिय जंगलमा रहेका ऋषिनीहरूलाई रुवाउँदै बाहिर निस्कनु भई बिन्ध्या पर्वतमा रहेका आलार र उद्दक ऋषिहरूकहाँ जानुभयो। पहिला कालाम जातीका आलार ऋषिकहाँ जानुभई ध्यान अभ्यास गरी छलफल गर्नुहुँदै सातवटा लौकिक ध्यान लाभ गर्नु भई त्यहाँबाट उदक ऋषिकहाँ जानुभई माथिल्लो तहको ध्यान लाभ गर्नुभई आठवटा समाधिले पूर्ण हुनुभई यसरी विचार गर्नुभयो– "खै ! मलाई चाहिने ज्ञान त यिनीहरूसंग पनि रहेनछ। जीवन मरणको रहस्य, संसारको वास्तविकता, दुःखको कारण यिनीहरूलाई थाहा नै रहेनछ। क्लेश नाश गरी तृष्णा क्षय गरी बुद्ध हुनसक्ने खालको बाटो हैन रहेछ यिनीहरूको। यहाँ रहेर ठीक हुँदैन।" यति विचार गरी उहाँ त्यहाँबाट निस्कनु भयो। बाहिर जानुभई उहाँ मगध जिल्लाको राजगृह नगरमा पुग्नु भयो। त्यहाँ बिम्बिसार राजालाई भेट्नुभई खुशीसाथ कुराकानी गर्नुभयो। बिम्बिसार राजाले भन्नुभयो–

"तपाईं त युवा नै हुनुहुन्छ। त्यसैले अहिले नै गृहत्याग गर्ने समय भएको छैन। लौकिक सुख भोग गर्नुस् पहिला।"

सिद्धार्थ कुमारले भन्नुभयो– "महाराज ! तपाईंले भन्नुभएको लौकिक सुख सत्य सुख हैन। बालबालिकाहरूले भोज बनाई खेल खेल्ने सुख जस्तै मात्र हो लौकिक सुख त। पानीको सतह माथि उत्पन्न हुने पानीको फोका जस्तै अस्थिर छ लौकिक सुख त।



Downloaded from http://www.dhamma.digital

(लौकिक सुखमा) आध्यात्मिक शान्ति छैन । पीरले पछ्याइरहेको हुन्छ । त्यसैले मैले राज्य सुखलाई त्याग गरी आएको छु ।

यो कुरा सुनी बिम्बिसारराजा ज्यादै प्रसन्न हुँदै भन्नुभयो– "यसरी संसारको अनित्य र परिवर्तनशील स्वभावलाई बुझी बाहिर निस्कनु भएको भए ठीकै छ ।"

राजा बिम्बिसारले साधुवाद दिनु हुँदै फेरि भन्नुभयो–

"यसरी नै शुद्ध मनले राज्य त्यागी आउनु भएको भए तपाईंको उद्देश्य र इच्छा पूरा होस् । बोधिज्ञान प्राप्त गरिसक्नु भएपछि तपाईं पहिला मेरो राज्यमा आउनुहोस् ।" यति भन्दै बिम्बिसार राजाले सिद्धार्थ कुमारलाई निमन्त्रणा गर्नुभयो ।

सिद्धार्थ कुमारले निमन्त्रणा स्वीकार गर्नुभई त्यहाँबाट सरासर उरुवेल जंगल जानुभयो । त्यहाँ पुग्नु भई कर्मस्थान भावना (ध्यान समाधि अभ्यास) गर्नको लागि योग्य स्थान खोजी पञ्चवर्गीय साथीहरू संग बस्नुभयो । ती पञ्चवर्गिय साथीहरू यसरी हुनुहुन्छ– कोण्डञ्ञ, वप्प, भद्दिय, महानाम र अस्सजित । सिद्धार्थ कुमारले यी पञ्चवर्गियहरूको तर्फबाट सेवा गराई कहिले एक गाँस भोजन, कहिले एउटा फल त कहिले चामल अलिकति, कहिले तीलको गेडा अलिकति र कहिले त एक गेडा तील मात्र सेवन गर्नुभई दैनिक आहारको मात्रामा कमी गर्दै लानु भयो । यही क्रमले उहाँले रुखको पातहरू उमाली खाने पनि गर्नुभयो । हुँदा हुँदा खाना नै त्याग्नु भई तपस्या गर्न थाल्नुभयो । यसरी आहार नै त्याग्नु भएपछि उहाँको शरीरको रगत, मासु सुक्दै गए । ज्यादै डुब्लाउँदै जानु भयो उहाँ । यसरी उहाँको पुरुष लक्षण समेत देख्नु छोडियो । धेरै मेहनत र उत्साह गरेको कारणले चंक्रमण गरि रहनु भएको समयमा उहाँ बेहोश भई ढल्नु भयो । फलस्वरूप उहाँले आनापान (श्वास भित्र बाहिर गरिरहेको क्रमलाई होश पूर्वक मनले हेर्ने) ध्यान गर्ने क्षमता गुमाउनु भयो । केही बेर पछि होश फर्किएको समयमा उहाँले यसरी विचार गर्नुभयो– "यसरी ६ वर्ष सम्म दुष्कर चर्या गरेर पनि ज्ञान प्राप्त गर्न सकिन । यसको प्रमुख कारण श्रद्धा, वीर्य र प्रज्ञा नभई नहुने तत्त्व भएपनि यिनीहरूको मात्रालाई नाघ्न दिन नहुने रहेछ । समाधिको मात्रालाई पनि नाघ्न दिन नहुने रहेछ । यी तत्त्वहरूको मात्रा बढि भएको रहेछ ममा । स्मृति पनि सधैं रहिरहन्छ नै भन्ने निश्चित छैन । यसको लागि ठीक मात्रामा आहार सेवन गर्नुपर्दो रहेछ । त्यसैले अब मैले ठीक मात्रामा आहार सेवन गरी आफ्नो शरीरलाई बलियो पार्न पर्‍यो । त्यसपछि फेरि श्रद्धा, वीर्य, प्रज्ञा र समाधिको मात्रा मिलाउँदै लान पर्ला । यति विचार गरी नजिकैको गाउँमा भिक्षाटन जानु भई आहार सेवन गर्नुभयो । विस्तारै उहाँको शरीर बलियो हुनथाल्यो । पुरुष लक्षण पनि देखिन थालियो । रगत र मासु पुष्ट भई सुन्दर देखिन थालियो ।

त्यसपछि पञ्चवर्गीयहरू विच सिद्धार्थको विषयमा यसरी कुरा चल्न थाल्यो–

"यो सिद्धार्थले ६ वर्ष सम्म कठोर तपस्या गरेर पनि बोधिज्ञान प्राप्त गर्न सकेन । अहिले भिक्षा मागी पेट भरि खाएर मोटाइरहेका यिनले कसरी ज्ञान प्राप्त गर्छन् र खोई ? यसको भरमा रहेर ठीक हुनेछैन । त्यागेर जान पर्‍यो यसलाई । यति भनी सल्लाह गर्दै ती पञ्चभद्र वर्गियहरू सबै त्यहाँबाट १८ योजन टाढा रहेको ऋषिपतन मृगदावन (हाल सारनाथ) मा बसोवास गर्न पुगे । बुद्धगयाको नजिकै रहेको उरुवेल जंगलमा सिद्धार्थ एक्लै रहने गर्नथाल्यो ।

त्यस जंगलको नजिकै सेन नाम गरेको एक सेठ रहने गर्थ्यो । उनकी एक छोरी थिइन् । उनको नाम सुजाता थियो । उनको वैश पुगेपछि एउटा बरगद रुख मुनि बसी उनीले यसरी प्रतिज्ञा गरेकी रहिछन्–

"भो बृक्ष देवता । यदि मलाई मेरो समान कुलको सुन्दर र मेरो चित्त बुझ्ने खालको श्रीमान् प्राप्त भएमा र विवाह पश्चात् पहिलो पटक छोरा जन्मिएमा हजुरलाई वर्षैपिच्छे धुमधाम भव्यताका साथ पूजा गर्न आउने छु ।"

सुजाताको मनको इच्छा पूर्ण हुने गरी उनीलाई श्रीमान् पनि प्राप्त भयो । प्रथम पटक छोरा पनि जन्मियो । आफ्नो मनोकामना पूर्ण भएको कारणले सुजाताले वैशाख पूर्णिमाको दिन बलि पूजा गर्ने उद्देश्यले गाईको शुद्ध दूधमा क्षीर भोजन पकाई पुण्णा नाम गरेकी दासीलाई बोलाई भनिन्–

"तिमीले हाम्रो वृक्षदेवता समक्ष गई राम्ररी सफा सुग्घर गरी बढारेर आउनु । आज हामी त्यहाँ गई भव्यताका साथ पूजा गर्न जानुपर्छ ।"

पूर्णा दासी उक्त वृक्ष मुनि पुगेपछि बोधिसत्त्व सिद्धार्थ रुखमुनि विराजमान भइरहनु भएको देखिन् ।

(यो दृश्य देख्ने वित्तिकै) दासी हतपत फर्की आफ्नी मालिकनी सुजातालाई यो खवर सुनाउन पुगिन्। यस्तो खबर सुन्ने बित्तिकै सुजाताको खुशीका सिमाना रहेन। उनीले सोचिन्– "आज हाम्रो वृक्ष देवता स्वयं प्रकट हुनुभएको छ। धन्य मेरो भाग्य ! यति सोची अमूल्य पात्र (सुनको पात्र) मा क्षीर राखी वृक्ष देवता समक्ष गई पूजा गर्न पुगिन्। (सिद्धार्थ कुमारले) त्यस पात्र दान लिनुभई नेरञ्जना नदीको सुप्पतित्थ भन्ने घाटमा गई स्नान गर्नुभयो। स्नान पश्चात् नदीको किनारमा गई पूर्व पट्टि फर्किएर क्षीर भोजन गर्नुभयो। भोजन पश्चात् उहाँले त्यस सुनको पात्र नदीमा बगाइदिनुभयो। त्यस पात्रो पानीको धारलाई नै काट्दै बिचबाट गई पहिला पहिलाका तीन जना बुद्धहरुको पात्र जम्मा भइराखेको स्थान काल नागराजको भवनमा जम्मा हुन पुग्यो। त्यहिं नजिकैको शाल वनमा बोधिसत्त्व सिद्धार्थ दिनभरी रही मूल कर्मस्थान कायगतासति (आफ्नो शरीरलाई होश पूर्वक मनले नियालीरहने) भावना गर्नुभई त्यहाँबाट महा बोधि वृक्ष (पिपलको वृक्ष) भएको स्थानमा जानुभयो। त्यस समयमा उहाँलाई सुद्धिय नाम गरेको घाँस उखेल्ने व्यक्तिले आठ मुट्ठा घाँस दान दिए।

बोधिसत्त्वले आठ मुठ्ठा घाँस लिनुभई पिपल बोटलाई सातपटक परिक्रमा गर्नुभयो। त्यसपछि घाँसको टुप्पो रुखतर्फ फर्काई बिछ्याउनु भयो। अनि पूर्व तर्फ फर्की बोधिज्ञान प्राप्त नभएसम्म यस आसनबाट उठ्ने छैन भनी अधिष्ठान गर्नुभई चार अंगले पूर्ण भएको वीर्य अगाडि सारी आनापान कर्मस्थान भावना गर्नुहँदा इन्द्र ब्रह्मा आदि देवताहरू आई उहाँलाई पूजा गरे। त्यही समय वशवर्ति मार देवपुत्रले थुप्रै सेनाहरू साथमा लिई गिरिमेखला नाम गरेको हात्ति चढी अनेक प्रकारका सस्त्र अस्त्र लिई लडाईं गर्न आए। त्यसलाई बोधिसत्त्वले आफ्नो सत्य आदि पारमी बलले पराजय बनाई विजय प्राप्त गर्नु भयो। त्यही रातीको प्रथम याममा उहाँले पुब्बेनिवासानुस्मृति ज्ञान, द्वितीय याममा दिव्य चक्षु ज्ञान, बिहानी प्रहरमा अनन्त चक्रवाल कम्प हुने गरी पटिच्च समुप्पाद ज्ञान सहित आनापान चतुर्थ ध्यान प्राप्त गर्नुभई विपस्सना (विपश्यना) ज्ञान वृद्धि गर्नुहुँदै आसवक्खय (आश्रवक्षय) ज्ञानले किलेस (क्लेश) नाश गर्नुभई चार मार्गलाई क्रमैसंग प्राप्त गर्नुभई फल ज्ञानमा पुग्नुभई पच्चवेक्खना (प्रत्यवेक्षणा) बोधिको अन्त्यमा सबै धर्मलाई आफ्नो सब्बञ्ञुतञाण (सर्वज्ञताज्ञान) प्राप्त गर्नुभई बैशाख पूर्णिमा बुद्धबारका दिन त्रिलोक नाथ हुनुभयो। बुद्धत्त्व प्राप्त भइसकेपछि सबभन्दा पहिला अनेक जाति संसारं भन्ने उदान (प्रीतिवाक्य) प्रकाश गर्नुभई बोधिवृक्ष भन्दा चार हात टाढा रहनु भई फल समापत्ति ज्ञानमा रहनुभई सात दिन सम्म ध्यान गर्नुभयो। त्यसपछि बोधिवृक्षको छाँयामा रहनुभई बोधिज्ञान प्राप्त गर्नु भएको कारणले बोधिवृक्षप्रति कृतज्ञता ज्ञापन गर्नुहुँदै आँखा नझिम्काईकन सात दिन सम्म (नेत्रपूजा) पूजा गर्नुभयो। त्यसपछि अर्को सात दिन सम्म रतन चंक्रमण गर्नुभयो। यसरी नै सातदिन सम्म रतनाघरमा बस्नु भई विनय (पिटक) सुत्त (पिटक) र अभिधम्म (पिटक) आदि सबै विचार गर्नु भई त्यहाँबाट अजपाल वृक्षको मुनि सात दिन सम्म रहनुभयो। त्यसपछि मुचलिन्द भन्ने बृक्षमुनि बस्नु हुँदा भयानक वर्षा भयो। यस्तो अवस्थामा नागराजाको तर्फबाट उहाँको सुरक्षा भएको थियो। यसरी सात हप्तासम्म, सात-सात दिन सात स्थानहरूमा रहनुभएपछि राजायतन वृक्षबाट अजपाल वृक्षमुनि पुगेपछि बुद्धको मनमा हतोत्साह भयो। उहाँले यसरी सोच्नुभयो–

मैले प्राप्त गरेको ज्ञान ज्यादै गम्भिर छ। साधारण गृहस्थाश्रममा बसेका मानिसहरू आ-आफ्नै चिन्तामा भुलिरहने भएको हुनाले उनीरूले यो गम्भिर ज्ञान बुझ्न सक्दैनन्। मैले उपदेश त दिनेछु तर यो उपदेश पानी माथि कोरिएको अक्षर जस्तै मानिसहरूले तुरुन्त विर्सनेछन्। त्यसैले एक्लै जंगलमा गई आनन्दसाथ जीवन बिताउनु पर्‍यो।"

यसरी हतोत्साही हुनुभएको देखी सहम्पत्ति ब्रह्मा बुद्ध समक्ष आई यसरी प्रार्थना गर्न थाल्यो– "हजुरले त्यत्रो दु:ख भोग गरी प्राप्त गर्नुभएको बुद्धत्त्व त्यसै खेर फाली जंगलमा बसी आनन्द प्राप्त गर्नका लागि होइन। एक्लै बसी सुख भोग गर्नका लागि होइन। हजुरको त्याग त जन जीवन सुखमय बनाउनको लागि हो। हजुर नै त्यसरी उत्साहहीन भई निराश हुनुभयो भने दु:खी र पीडित भइरहेका मानिसहरू कहिले अन्धकारबाट प्रकाश तर्फ पुग्न सक्छन्? भो गौतम! कृपा राखी उपदेश दिनुहोस्।"

सहम्पत्ति ब्रह्माले यसरी प्रार्थना गरेपछि बुद्धले उपदेश दिने विचार गर्नुभयो।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

जातक-कथा

# नक्षत्रले दिन दशा राम्रो कि नराम्रो

➨ भिक्षु संघरक्षित संघाराम "सद्धम्म कोविद"

पहिले पहिलेको कुरा थियो । त्यसबेला एउटा शहरमा कुनै एक परिवार थियो । परिवारमा जवान भइसकेको छोराको लागि केटी खोज्न थाल्यो । अन्तमा एउटा गाउँमा कुनै एक परिवारको छोरीसंग विवाहको कुरा छिन्यो । दुबैतिर कुरा मिलिसकेपछि विवाहको दिन पनि निश्चय गर्‍यो ।

विवाहको लागि राम्रो तयारी भयो । दुबैतिर बन्दोबस्त मिलिसकेको थियो । विवाहको दिन पनि नजिकिँदै नजिकिँदै केटी लिन जाने दिन पनि आइहाल्यो ।

केटापट्टिको तर्फबाट शहरबाट गाउँमा केटी लिन जानुपर्ने थियो । शहरको परिवारमा प्राय: आइराख्ने एकजना आजीवक साधु थियो । केटी लिन जाने दिनमा उनीहरूले ती साधुसँग सोध्यो– "भो साधु ! आज हाम्रो घरमा एउटा मंगल छ । हाम्रो घरमा छोराको विवाहका निमित्त बुहारी लिन जान लागेका छौं । आज दिन राम्रो छ कि नराम्रो छ ?"

आजीवक साधुको मनमा अर्कै कुरा खेलिरहेको थियो । उसले विचार गर्‍यो– "पहिला विवाह-मंगलको दिन आफुखुशी निश्चित गरेर अहिले बडो मलाई पो सोध्न आउंदो रहेछ । पख, मैले पनि गर्न जानेको छु ।"

मनमनै नराम्रो भावना राखी उसले भन्यो– "हे महाजन ! आजको दिन सान्है नराम्रो नक्षत्रको छ । यदि तिमीले आजको दिनमा कुनै मंगलकार्य गर्‍यौ भने तिम्रो त सर्वनाशै हुनेछ ।"

उसको कुराले सबै तर्से । केटी लिन जानुपर्ने समयमा पनि आफ्नो सर्वनाश होला, अमंगल होला भन्ने विचारले कोही पनि गएन । भोलि जाउंला, भोलि त मंगल दिन होला भन्ने पर्खाइमा दिनहरू क्रमश: बित्न थाले ।

उता गाउँमा आफ्नी छोरी विवाह गरिदिन ठिक्क परिरहेका थिए । तर शहरबाट आउनुपर्ने जन्ति भने आइपुग्दै पुगेन । अहिले आउला, भरे आउला, भोलि आउला भनी पर्खदा पर्खदै केही दिन बित्यो । विवाहको दिन निश्चित टोकिसकेको हुँदा पनि शहरबाट केटापट्टि कोही नआएपछि उनीहरूले विचार गर्न थाले– यतिका दिनसम्म पर्खदा त आएन भने अब के आउला र ?

उनीहरूले शहरबाट आउने जन्तिको बाटो हेर्दाहेर्दै थाके । अन्तमा छोरीलाई अर्कै ठाउँमा विवाह गरेर पठाइदियो ।

उता शहरबाट दिनदशा राम्रो हेर्दाहेर्दै बल्लतल्ल मंगलदिन भनिएको समयमा जन्तिका साथ बुहारी लिन गाउँमा गए । तर त्यहाँ त हिजो नै तिनको विवाह अर्कै ठाउँमा भइसकेको कुरा थाहा पाए । गाउँका मान्छेहरूले उनीहरूलाई भन्नथाले-"हेर लाज नभएकाहरू ! दिन निश्चित गरिसकेर पनि बुहारी लिन नआउने । अब हामीले हाम्रा छोरीलाई अन्तै विवाह गरेर पठाइसकें ।"

यो कुरा सुनेर शहरका मानिसहरू कराउन थाले– "दिन निश्चित भएको समयमा हामी आउनै लागेका थियौं । तर हाम्रो घरमा आइराख्ने आजीवक साधुबाट त्यो दिनको नक्षत्र नराम्रो अमंगल भएको जानेर हामी नआएका हौं । अब हामी आइसक्यौं । तपाईंको छोरी हामीलाई दिएर पठाउनुहोस् ।"

गाउँका मान्छेहरूले भने– "हामीले त तिमीहरू नआइपुगेको हुँदा आफ्नी छोरीलाई अन्तै विवाह गरेर पठाइसकेका छौं । अब फेरि विवाह गरिसकेको छोरीलाई फर्काएर विवाह गरिदिने ?"

यस्तै कुरामा त्यहाँ खिचलो उत्पन्न भयो । बिस्तारै झगडा पनि हुनथाल्यो । त्यहाँ झगडाले चर्को रूप लिन खोज्दै थियो ।

यस्तै समयमा त्यहाँ एकजना मान्छेले (बोधिसत्व)त्यो झगडाको कारणलाई राम्ररी हेर्‍यो । उ बुद्धिमान थियो । उसले तिनीहरूबाट झगडाको कारण राम्ररी जान्यो । त्यसपछि उसले शहरका मान्छेहरूलाई भन्यो-"हे पुरुषहरू ! नक्षत्रले के गर्छ र ? बुहारी प्राप्त हुनु नै नक्षत्र होइन र ?"

उसले दुबैतिरलाई राम्ररी कुरा बुझाएर, मिलाएर छिनोफानो गरिदियो । अन्तमा उसले गाथा सहित यो कुरा अघि राख्छ– "नक्षत्र हेरिराख्ने मूर्ख मानिसहरूको कामकुरा बिग्रन्छ । अर्थसिद्ध गर्ने नै नक्षत्र हो सिवाय साइत हेरिराखेर ताराहरूले के नै गर्छ र ?"

पछि त्यहाँ झगडा शान्त हुन्छ । उनीहरू आ-आफ्नो ठाउँमा फर्कन्छ । ■

*स्रोत: नखत्त जातक*

# हाम्रो समाज : कर्तव्यभन्दा पूजामा मस्त

मैले पनि सुरुमा पौडी खेलेको छैन भने । तर, मैले पौडी खेलेको प्रमाण त बालुवाले दिइहाल्यो । अनि मैले त्यसलाई स्वीकार गरें । त्यसपछि मैले पौडी खेल्न छोडें । म उहाँको एउटै छोरो भएकाले मलाई तलमाथि भएमा उहाँका निम्ति वेदना होला भनेर त्यस्तो काम छोडें ।

मेरो करुणा, दया र क्षमाको जीवन यसरी चलेर आएको छ । म अहिले पनि त्यसभन्दा विशेष स्थितिमा छैन ।

हामी एउटा मिश्रित समाजमा छौं । हामी एकदम आधुनिक पनि छैनौं र छैनौं बिल्कुल पुरानो अवस्थामा । हामीलाई पुराना कुराले अवश्य थिचिरहेको छ र नयाँ कुरा आउनलाई मुस्किल परिरहेको छ । पुरानो विचार अर्थात् 'द क्यानुसी' विचारले हामीलाई पेलिरहेको छ । 'द क्यानुस' भन्ने पुराना बादशाहका नाममा यो विचार आएको छ । हामीहरू वैज्ञानिकतातिर पनि तानिएका छौं- रेडियो, टीभी र हुँदाहुँदा ईश्वर भनेको 'ब्रेन वेभ' हो भन्नेसम्म आइपुगेका छौं । तर, हामीकहाँ भने सबै कुरा पुराना छन् । कुनै नयाँ कुरा आउन लाग्यो कि दबाइहाल्छौं ।

नयाँ विचारलाई अघि लिएर जान सकिएन भने पछि परिन्छ । हाम्रो समाज पुरानो विचारले यति सान्है ग्रस्त भएको छ कि यसले नयाँ विचारलाई समेत उठ्न दिदैन । यहाँ पढेलेखेका मानिस छन्, तिनकहाँ फोन गर्ने हो भने एक घण्टा पूजापाठमै लागेको सुनिन्छ । पूजाले केही गर्ने होइन भन्ने थाहा पाइकन पनि ती पूजामा मस्त छन् ।

समयको माग अर्कै छ । ऐन कानून पनि अर्कै भइसकेका छन् । ऐन कानूनले ल्याउने प्रक्रिया अर्कै किसिमले गइरहेको छ । तर, हामीकहाँ लुकेर बसेको 'द क्यानुसी' विचारले हामीलाई रोकिरहेको छ । त्यसकारण हाम्रो समाजको विकास र परिवर्तनका लागि सम्पूर्ण क्रान्तिको आवश्यकता छ । सम्पूर्ण क्रान्तिको मतलब हो– तनको क्रान्ति, मनको क्रान्ति, विचारको क्रान्ति । सम्पूर्ण कुरामा क्रान्ति हुनुपर्छ ।

मेरो विचार त के छ भने पुराना कुराजति नष्ट गरौं र आवश्यक पर्ने केही रहेछन् भने मात्र तिनलाई कायम राखौं । परोपकार त मानिसको स्वभाव नै हो । त्यसलाई जोगाएर राख्न सकौं ।

म भारतमा रहेको बेला सन् १९९३ मा राष्ट्रवादी कवि माखनलाल चतुर्वेदीको एउटा कविता 'सरस्वती' भन्ने पत्रिकामा पढेको थिएँ । त्यो कविता मलाई यति धेरै मन पऱ्यो कि म उहाँलाई भेट्न गएँ । त्यो कविता मलाई अहिले पनि ताजा छ ।

*चाह नहि है सुर बालों के*
*गहनो मे गुथा जाऊँ*
*चाह नहिं प्रेमी माला के*
*गुथ प्यारी को ललचाऊँ*
*मुझे तोड लेना वनमाली*
*उस पथ पर देना फेक*
*मातृभूमि पर शीस चढाने*
*जीस पथ पर जाए वीर अनेक*

यो कविताले मलाई बलिदानी भावना दियो । कत्रो समर्पण भाव यो कवितामा ! कविले आफूलाई फ्याकिदिने नै हो भने हजारौं वीरहरू मातृभूमिको सेवामा गएको बाटोमा फ्याकिदिन आग्रह गरेका छन् । यो कविताले मर्माहत भएँ । अरूको प्रेरणा मलाई छँदै थियो, थप प्रेरणा दियो मलाई यसले ।

जुन बादलमा पानी हुन्छ त्यो झुक्छ । परोपकार गर्नु मानिसको स्वभावै हो । अस्वाभाविक होइन । मलाई बाल्यकालदेखि नै पिताजीले यही सिकाउनुभयो । म धमाधम अहिले पनि यो विषयतिर बढ्दै छु । मानिसमा समर्पणको भाव हुनुपऱ्यो । पेटै पाल्ने हो भने त जसले पनि पाल्छ । कागहरू भोकै भएर मरे भन्ने तपाईंले सुन्नुभएको छ ?

समर्पणले भरिएको एउटा कथा मेरो दिमागमा ताजा छ । एउटा व्याधा जंगलमा आइपुग्छ । रात परेपछि उसलाई असाध्यै जाडो हुन्छ, भोक लाग्छ । रुखमाथि परेवाका एक जोडी छन् । व्याधालाई जाडो भइरहेको


Downloaded from http://www.dhamma.digital

देखेर तिनले एउटा त्यान्द्रो झारिदिन्छन् । ढुंगा पनि झारिदिन्छन् आगो बाल्न । उसले आगो बाल्यो, जाडो हट्यो । तर, खानेकुरा केही नभएकोले व्याकुल थियो । त्यसपछि दुवै परेवा आपसमा सल्लाह गरेर आगोमा खसिदिन्छन् । व्याधाले आफ्नो क्षुधा तृप्ति गर्छ । यो समर्पणभावको एउटा सुन्दर उदाहरण हो ।

नर्सिमेहता भन्ने एघारौं शताब्दीका गुजराती कविले लेखेका छन्, 'पर दुखे उपकार करे जे मान अभिमान नाने रे ।" अर्काको दुःखमा विना अभिमान उपकार गर्नु उचित हो । कसैको उपकार गरेको छ भन्ने मैले गरेको भन्नु हुन्न भन्ने हाम्रो परम्परा नै छ । हामी अहिले संक्रमण कालमा छौं, पुरानो विचारले गाँजिरहेको छ । कसले कसलाई ठग्छ । उपकार गरेकोमा खुब ढिठोरा पिट्नुपर्छ ।

अहिले समयअनुसारको ऐन कानून बनिसक्यो । ऐन कानूनमा जातपात छैन । तर, तपाईंको घरमा अहिले कुनै तल्लो जात गएर खाएमा जात काटिन्छ । म गृहमन्त्री छँदा पाल्पा गएको थिएँ । त्यहाँ जेल खानामा दमिनी राख्ने बाहुनहरू धेरै रहेछन् । हाम्रो कति अन्याय भने आफ्नै हिन्दू चोलाभित्रको उसलाई छुन नहुने रे ! उसले स्वास्नी राख्न त झन अपराध भयो । त्यसलाई तोड्न कसैले सकेको छैन ।

मान्छेको दिनचर्या देखेर म दंग पर्छु । डाक्टर भन्यो, कहाँ हुनुहुन्छ भन्दा पूजामा बस्नुभएको छ रे । डाक्टरको काम पूजामा बस्ने होइन । अब चारैतिर हेर्ने हो भने जहाँ पनि यही पाइन्छ । बहुतै थोरै मानिसमात्र यसबाट बचेका छन् । ऐन पनि छ । सबकुरा छ । दमिनी राखेमा जात जान्छ भन्ने छैन । अझ पुरस्कार दिने भनेको छ । तर, आँट कसैको आउँदैन ।

२००७ साल माघतिर बरु म १०/११ वर्ष भारत प्रवासपछि काठमाडौं आएको बेला यहाँ अलिकति जागरण थियो । गुह्येश्वरीमा एउटा आफ्नै पार्टीको मान्छेले मालामात्रै लगाएर बिहा गरेछ । दुई चार जनालाई सेल ख्वाएर बिहा भयो । सकियो । अहिले त्यस्तो पाइन्न । अहिले ढाँचा बढ्दो छ । अहिले कसैले विधिविधान पन्छाएर विवाह गऱ्यो भने पनि भोज यस्तो गरिदिन्छ कि हजारौंको खर्च हुन्छ ।

हामी पुरानो विचारमा लोटपोट भएर आफ्नो ध्येय बिर्सिएका छौं । मूल सवाल छ आँटको । कसैले त देखाइदिनुपऱ्यो, म यो मान्दिन भनेर पढेलेखेका मानिसको त्यही छ । सब लोकलज्जाले डराएका छन् । बाबुको क्रिया गर्नुपर्छ भन्ने ऐन यहाँ छैन । तर, यहाँ कतिजना होलान् बाबुको क्रिया नगर्ने । कम्युनिष्टहरूको पनि मैले यहाँ देखें । उनीहरू बाबुको काजक्रिया नगर्ने भनेर हँसीको पात्र हुने डर मान्छन् ।

'स्मृतिका पानाबाट' – डिल्लीरमण रेग्मी

*साभार: कान्तिपुर दैनिक*

*(गुणराज लुइटेलसँगको कुराकानीमा आधारित)*

# बाल आश्रमयात गुहाली

बनेपा (भोंत) मैत्री केन्द्र बाल आश्रम ध्यानकुटीयात फुफुकथं गुहाली ब्यूपिं दाता पिं थुकथं दु–

| | | |
|---|---|---|
| ❖ | नां तयूमयोम्ह शाक्य उपासिका | रु. २,५००।- |
| ❖ | स्व. पूर्णचन्द्र शाक्यया पुण्यस्मृतिस काय् जुजुकाजी शाक्य बनेपा दच्छितक | रु. २,५००।- |
| ❖ | कृष्णदेवी मानन्धर छेत्रपाटी हाल नयाँ बजार | रु. १,०००।- |
| ❖ | स्व. भुवनरत्न वज्राचार्यया पुण्यस्मृतिस काय् उत्तम वज्राचार्य | रु. १,०००।- |
| ❖ | स्व. पुत्रया पुण्यस्मृतिस तीर्थदेव मानन्धर | रु. २००।- |
| ❖ | ध्यानकुटी कथिन उत्सव खुन्हु उठेजूगु | रु. ४,५५४।- |
| ❖ | धर्मचन्द्र शाक्य, बनेपा | रु. ३००।- |
| ❖ | स्व. अष्टमान शाक्यया पूण्य स्मृतिस अष्टरत्न शाक्य | रु. २५,५५५।- |
| ❖ | गोपाल महर्जन ललितपुरं म्हतिं छपु छपु गा व वसः प्रदान । | |

अप्रकाशित तथागत महाकाव्यबाट धारावाहिक प्रकाशित हुने (सम्पादक)

# प्रतिपदा

भूषण शर्मा हुमागाई

अहा ! छ खुल्ला जुनको निकासा ।
ढोका छ प्यारो नभको खुलासा ॥
अकर् परूँला कर यी समाऊ ।
आऊ न माता जग सैर् गराऊ ॥
-१-

जम्मा गरी काँच भरेर गोजी ।
सम्राट बन्दै शिशु गर्व गर्दो ॥
त्यस्तै खुशी भैकन लेखनी यो ।
लीला अनौठो जगको बटुल्दो ॥
-२-

भाँडाकुटी ली शिशु नित्य खेल्ने ।
रमी रमाई अझ मख्ख पर्ने ॥
लीला अनेकौं जगको बटुल्ने ।
खेल्दै खुशीले भव स्वर्ग रच्ने ॥
-३-

पढ्लान् भनी उन्दछु काव्य सानो ।
भुराहरूको लघु खेल मानो ॥
हेर्लान् सबैले गफ यो पुरानो ।
वास्तै नराखे रहला बिरानो ॥
-४-

जे होस् न माता ! मन शक्ति देऊ ।
परें पदैमा शठ बिन्ति लेऊ ॥
शब्दावलीको लुङ उन्न पाऊँ ।
यै हुन्छ लाखों अरु के चढाऊँ ?
-५-

-(तोटक)-

पढदा मनमा रस प्लावित होस् ।
सब राग हटी मन शान्त बनोस् ॥
पथ त्याग गरी मन डुल्छ भने-
तब यै दृढता-धन प्राप्त गरोस् ॥
-६-

गमनार्थ सदा पथ निश्चित होस् ।
पुरुषार्थ वढी सब सिर्जित होस् ॥
परधर्म विषे मन फूल बनी,
हितकर्म भनी नित फक्रिरहोस् ॥
-७-

मनमा जडता खलता बटुली,
मद, कामुकता धन लालच ली ।
जति उठ्छ उँभो जन घात गरी,
उति झर्छ उँधो तलमा यसरी ॥
-८-

बलले सबको मुख थुन्छ भने-
कसरी सबमा सुख फल्छ अनि ?
लुटपाट गरी सब छिन्छ भने
सब कष्ट कहाँ तब हट्छ अनि ?
-९-

गर कर्म यहाँ पसिना भलले,
सिंच खेत सदा श्रमको जलले ।
सब प्लावित भै सजियुन् वसुधा,
फलफूल तथा रचना विविधा ॥
-१०-

न त लाज कुनै न त गाल कतै,
न त धर्म कतै न त कर्म कुनै ।
सब दम्भ दिई मदमत्त बनी,
मनु चल्छ यहाँ रतिराग भिरी ॥
-११-

पसिना सबले दिनरात सिँची,
वसुधा हरियो सब पार्नु भने ।
यसमै सुखशान्ति र धर्म सबै,
उपभोग सबैकन प्राप्त हुने ॥
-१२-

नर घात गरी सुख मिल्छ भनी,
हतियार भिरी धनलिप्त बनी ।
निज स्वार्थ विषे मनु चल्छ डटी,
सबको मनमा भयभाव भुटी ॥
-१३-

धन लालचले अति मूढ बनी,
पद लालचले अझ हीन बनी ।
अझ झर्छ उँधो तल रौरवमा,
अभिमान भिरी निज गौरवमा ॥
-१४-

मति यो मनुको फिरने कसरी ?
गति यो मनुको बद्ने कसरी ?
दिनरात उँधो खडमा झरने-
मति मानवको फिरने कसरी ?
-१५-

मति भ्रष्ट भई मदमस्त बनी,
पथ भ्रान्त भई धनलुब्ध बनी;
जग भोग्न भनेर सुमार्ग भुली,
सब मानवता बरु चूर्ण गरी ॥
-१६-

शठ यी मनुमा भर ज्ञान सदा,
सब भुल्न विभो ! अब दानवता ।
जन मग्न बनुन् सुखसागरमा,
छरिई जगमा नव मानवता ॥
-१७-

रमने जनमा गर ज्ञान दया ।
भर मानवका घटमा ममता ॥
तब पो जनको सब उन्नति ता,
र हुने मनको तब द्वार खुला ॥
-१८-

-(इन्द्रवज्रा)-

यस्ले नगर्ला मतिको विकास ।
यस्ले नहर्ला मनको हताश ॥
तिम्रो दयामा सब फूल फुल्छन् ।
तिम्रै शरण्मा जग काब्य बन्छन् ॥
-१९-



Downloaded from http://www.dhamma.digital

हड्बड् हुनाले रस क्यै नहोला ।
सानो हुनाले रहस्यै नमिल्ला ॥
चिन्ता जगत्को सब भाव चिन्हा ।
मीठो बनोस् यो मधु स्वर्ण-दाना ॥
-२०-

सारा धरामा सुखको मुहान,
छल्केर आई घरका जहान ।
हाँसेर धानुन् सब प्राण प्राण,
मुस्केर काटुन् नित तप्त घाम ॥
-२१-

हृत्तारको एक अमोध गान ।
बज्दै कतै खोज्दछ शैलबाल ॥
शैलादिकै पावन देश रोजी ।
ल्याई चढाएँ नव भेष खोजी ॥
-२२-

आमा भइन् यी नयपाल धाम ।
छोरा यिनैका सुविशाल नाम ॥
रोजेर ल्याएँ नयपाल ज्ञानी ।
आदर्श हाम्रो अनुकूल मानी ॥
-२३-

झल्की झलक्मा रस क्यै चखाऊ ।
झन्की झनक्मा मन क्यै रमाऊ ॥
भन्दा र सुन्दा मन झन् रमाओस् ।
दैवी छटाको रस झल्मलाओस् ॥
-२४-

नाना उजेला सपना जडेर ।
मीठा सुनौला कविता गढेर ॥
गाथा सुनाई मन मुग्ध पार ।
सादा सदा जीवन यो सपार ॥
-२५-

गाना सुनाई मन यो रमाऊ ।
बाजा बजाई दिल यो जगाऊ ॥
यौटा कहानी पदमा चढाई ।
गाथा पुरानो सबमा सुनाऊँ ॥
-२६-

स्वच्छै शरत्को निशि झल्मलाई ।
पोख्दै उज्यालो शशि खेल्न आई ॥
झट्टै अनूपा जग दृश्य पाऊँ ।
म पाउ पर्दै अलि क्षण् रमाऊँ ॥
-२७-

यो काव्यधारा सबमा छचल्की,
धोओस् सबैको मनको धमीलो ।
कैलाशको यो जलधार चोखो,
हृद्वाग सिंच्ने फलदार मीठो ॥
-२८-

यो खेलनीले ममता भिजाओस् ।
गाथा सुनाई करुणा रसाओस् ॥
यौटा उज्यालो मनमा उदाओस् ।
मैलो पखाली जगतै हँसाओस् ॥
-२९-

यो जीवनीले नवमार्ग खोपी ।
डोऱ्याउदैदै मानव साथ बोकी ॥
सुम्पेर राँको करमा प्रदीप्त ।
पारोस् उज्यालो जगमा समस्त ॥
-३०-

यस्ले सबैमा सद-बुद्धि देओस् ।
दुर्बुद्धि फाली सत-मार्ग देओस् ॥
संस्कार बिर्सी भ्रममा भूलेका ।
मान्छेहरूमा नवचेत छर्कोस् ॥
-३१-

लागुन् सुबाटो सब पढेर ।
पारुन् उज्यालो ममता छरेर ॥
हाँसोस् सधैं नै सुकुमार फूल ।
होओस् सधैं यो जग तत्वमूल ॥
-३२-

माया उमारोस् निज देशमाथि ।
भाषा, सुसंस्कार र भेषमाथि ॥
श्रद्धा बढाओस् निज जातिमाथि ।
आस्था जगाओस् निज धर्ममाथि ॥
-३३-

धोओस् तुवाँलो मन साफ पारी ।
पारोस् उज्यालो तम त्यो उजारी ॥
ऐश्वर्य बर्षी जग झल्मलाओस् ।
जीवन्त बन्दै सब चल्मलाओस् ॥
-३४-

औदार्य तिम्रो जग जग्मगाओस् ।
पीयूष पाई जग चल्मलाओस् ॥
कौमार्य तिम्रो मन स्वच्छ पारोस् ।
मैला हटाई मन त्यो उघारोस् ॥
-३५-


कच्चा छ भाषा तर प्रेम आयो ।
लेख्दो छु पोखी शिव कामना यो ॥
आँटें कुची लीकन रङ्ग भर्न ।
लागें अहो ! जीवन सार्थ गर्न ॥
-३६-

गल्ती यहाँ छन् नव लेखनी जो,
के गीत गाऊँ म महीयषीको ॥
रूक्नै नसक्दा कविता बनाएँ ।
सारा जगत्को करमा चढाएँ ॥
-३७-

बाँच्दैन कोही चिरकालसम्म ।
साँच्दैन कोही धनधान्य टम्म ॥
लाँदैन केही, मनु जान्छ एक ।
छोडेर सारा पसिना विवेक ॥
-३८-

जानै छ पर्ने सहसा मरेर,
जाऊँ म केही पसिना छरेर ॥
भन्ने विचारी कविता बनाएँ ।
हाम्रा उनै बुद्ध लिई म धाएँ ॥
-३९-

क्रमशः......



# पश्चाताप (पछुटो) भनेको के हो ?

✍ बी.एम.श्रेष्ठ, पकनाजोल, नयाँबजार

एकदिन बिहान सबेरै सिद्धार्थ गौतम बुद्ध रूखमुनि बसिरहेको थियो । प्राणीलाई किन दुःख पर्दछ, त्यसबाट कसरी छुटकारा मिल्छ भन्ने बिषयमा त्यहाँ प्रश्नोत्तर (सवाल-जवाफ) चलिरहेको थियो । एउटा प्रश्न (सवाल) को उत्तर (जवाफ) मा सिद्धार्थ गौतम बुद्धले भने– बाबु हो ! अरूसंग कहिल्यै पनि रिस (क्रोध) नगर्नु । आफुसंग रिस गर्नेसंग पनि नरिसाउनु । कसैले आफ्नो बिगारै गरेछ भने पनि त्यसको बिगार गर्न कहिल्यै नखोज्नु, यही धर्म हो । यसो गरेर नै रिसाउनेको पनि रीस हराएर, बिगार गर्नेले पनि बिगार गर्न छोड्छ ।

यस्तैताका एकजना मान्छे त्यहाँ आए । उनी ज्यादैनै धनी जस्तो देखिन्थे । उनले त्यहाँ आएर कुनै सन्चो बिसन्चो सोधेनन्, बस्ता पनि बसेनन् । आउँदा आउँदै टक्क अडिएर ज्यादै नै चर्को स्वरले उनले भने म तिमीलाई नै खोजेर आएको हुँ । सिद्धार्थ गौतम बुद्ध– किन बाबु ? बस्नुस् न ।

*धनी*– किन भन्न लाज लाग्दैन ?

*बुद्ध*– तपाईले भन्नु भएको कुरा त मैले राम्रो संग बुझेन ।

*धनी*– तिमी भाँड हौ । आफू पनि भाँडियौ । अरुलाई पनि भाँड्यौ । तिमी केवल नचाँहिने कुरा मात्रै मान्छेहरूलाई पछि लगाएर हिंडिरहेका छौ । आफू पनि काम गर्दैनौं, अरूलाई पनि गर्न दिदैनौ । मान्छेहरूलाई तिमी किन यसरी बिगार्दछौ ? एकाबिहानै देखिनै यसरी गफ गर्न थाली सक्यौ । यो त गफको समय पनि होइन, काम गर्ने समय हो ।

गुरूलाई यसरी गाली गरेको सुनेर शिष्यहरूलाई ताजुब लागेर आयो । उनीहरूलाई रीस (क्रोध) पनि उठ्यो । तर सिद्धार्थ गौतम बुद्ध हाँसेर मात्रै रहे ।

धनी मानिसले झोक्किएर भने- लाज लाग्दैन तिमीलाई ? कसरी हाँसिरहन सकेको ? तिमी त नकचरा पो रहेछौ । कतिको आमा, बाबु, स्वास्नी, (पत्नी), छोराछोरी रोइरहेछन् । अरूको छोराछोरीलाई घरबाट भगाएर, जोगी बनाएर, अरूको जहान बच्चा बिचल्ली पारिदियो । तिमी पापी पो हौ, अपराधी हौ ।

यसरी धेरै पटक गाली गरेको सुनेर पनि सिद्धार्थ गौतम बुद्धलाई कत्ति पनि रीस उठेन । उनी जस्ताको तस्तै शान्त भएर बसिनै रहे । तर गाली गर्ने मानिसलाई झन रीस उठ्यो । उनले झन चर्को-चर्को गाली गरे । गाली पनि कति बेर गर्नु र ? भन्न सकिने र भन्न हुने जति भनि सकेर फेरि के भनेर गाली गर्ने ? गाली गरेर गाली नै सकियो । उनी आफै थाकेर भुत्भुताएर फर्के । यो देखेर एकजना शिष्यले सिद्धार्थ गौतम बुद्धसंग भने– गुरू ! ती मानिसले हजूरलाई त्यसरी नभएको दोष लगाएर गाली गरे, गुरुबाटकेही आज्ञा भएन । सिद्धार्थ गौतम बुद्धले भने– बाबु ! यसमा ताजुब मानेर कुनै कुरै छैन । जो संग जे हुन्छ, उसले त्यही मात्रै देखाउन सक्तछ, त्यही मात्रै दिन पनि सक्तछ । तिनीसंग रीस रहेछ, त्यही देखाए । मसंग त्यस्तो केही थिएन । म के गरुँ ? के दिउँ ? म चुप लागें । भनिन्छ– "Silence is Golden"

अर्को चेलाले नम्र भएर भने– गुरुको अर्ती पाएको भए तिनी सप्रने थिए कि ?

सिद्धार्थ गौतम बुद्ध- "तिमीले भनेको पनि ठीक हो । तर अर्ती दिनको लागि पनि समय हेर्नु पर्दछ । नत्रभने अर्ती (उपदेश) दिएर काम लाग्दैन् । त्यस बखतमा मैले उनलाई उपदेश दिन खोजेको भए उनी उपदेश लिनुको सट्टामा झन रिसाउँथे । त्यसले झनै कुभलो गर्दथ्यो । त्यसकारणले, मैले उनलाई केही पनि नभनेको ।"

*शिष्य*– तर प्रभु ! उनको रीस नाश भएर उनी फेरि आउने छन् ।

त्यस बखतमा उनलाई केही भनुँला । यतातिर यस्तो कुरा हुँदै थिए । उतातिर गाली गरेर फर्केका ती धनीको मनमा कुरा खेल्न थाल्यो । आफूले भनेको शब्द उनले संझन थाले । साथै उनले कति गाली गरेर पनि जस्ताको तस्तै बसिरहने सिद्धार्थ गौतम बुद्धलाई संझी नै रहे । त्यस्तरी गाली गरेर पनि पटक्कै नरिसाएको कस्तो



Downloaded from http://www.dhamma.digital

मान्छे ! कस्तो शान्त ! कस्तो प्रसन्न ! आफूले गाली गरेको संझेर उनी आफूलाई "पश्चाताप" (पछुतो) लाग्न थाल्यो । जति जति पर गयो, उति उति सिद्धार्थ गौतम बुद्धको शान्त र प्रसन्न अनुहार देखे जस्तो लाग्न थाल्यो । उनी फरक्क फर्केर दौडेर बुद्ध भएको ठाउँमा आए । रोएर बुद्धको पाउमा परेर उनले भने– हे प्रभु ! हजुर साँच्चिकै "महात्मा" हुनुहुँदो रहेछ । भगवान हुनुहुँदो रहेछ । मैले भूल गरें । क्षमा पाऊँ । मलाई पनि शिष्य बनाएर शरणमा लिनुहोस् । दया (करुणा) ले गरेर नै भगवान बुद्धको आँखा रसाएर आयो । उनले ती धनी मान्छेलाई भने- बाबु घमण्ड र रीस मानिसको सबैभन्दा ठूलो शत्रु (दुश्मन) हो । अहिले तिमी घमण्ड र रीस दुबै त्यागेर आयौ । त्यसकारणले म तिम्रो हुँ । तिमी मेरै हो ।

यति भनेर सिद्धार्थ गौतम बुद्धले शरणमा लिए ।

"शरणको मरण नहोस्" भन्ने वाक्य जस्तै ती मान्छेलाई बुद्धले शरणमा लिएर राखे । ■

## कामना

एक्काइसौं शताब्दीको आगमन भइसक्यो
नयाँ-नयाँ अन्वेषण, अनुसन्धान भइसक्यो
वैज्ञानिकहरू अगाडी बढिरहेछन्
भोलि के होला भनि सोचिरहेछन्
तर, आज जताततै हिंसा, हत्या र अत्याचार
सबै ठाउंमा अशुभ समाचार
शान्तिका अग्रदूत जन्मेको देशमा
रगतका धाराहरू बगाई बलि चढाइरहेछन्
एउटै कोखबाट हुर्केका दाजुभाईहरू
आपसआपसमा काटाकाट गरिरहेछन्
त्यसैले हत्या, हिंसा बन्द गर
बुद्धको शान्ती भंग नगर
बुद्धको देशमा रगतका धारा नबगाईदेऊ
अरू केहि होइन सिर्फ यो देशमा परेवा
उडाईदेऊ
अन्य देशसंग प्रतिस्पर्धामा जाऊ
अनि नयां नयां आविष्कार गरेर जाऊ
बस् बुद्ध जस्ता महान व्यक्ति जन्मुन्
अनि शान्तसंग स्वतन्त्र भै रहुन्
यहि नै भगवानसंग छ कामना
यहि नै २०६० सालको हार्दिक मंगलमय
शुभकामना

✍ के.पी. घर्ती मगर
प्रकाश मा.वि., बेनी, म्याग्दी

## झीगु संस्कृति

बुद्ध जन्म जूगु देशे झी जन्म जुया
नामं जक ज्वीमज्यू झी बौद्ध जुया
धर्मगुण थ्वीका आचरण भिंका
ज्वीमाल बौद्ध झीसं कर्म ब्वया
संस्कृतिया नामं हि-ख्वबि हाय्का
प्राणि पिन्त स्याना नख: चख: न्याय्का
ला चच: फुना झीसं भतिभति धाधां
सलिंचाय् ज्वाइयाँ अयला लुय्का
आहा...गुलि न्ह्याइपु झीगु थ्व जीवन
दु:ख मयो धाधां हे सुख वाँछूवया
घौ पलखया मोजयात सुख नाला
ब्यर्थे थ्व जीवन नं झीसं फुका: जुया
पासापिं आ: नं ईलंला:नि न्ह्यांसा
सीबले ल्युल्यु पुण्य वय्के य:सा
गुणधर्म थ्वीका अप्रमाद ज्वीका
धर्म व संस्कृति छुटेयाय सय्का
झीगु नख: चख: झीसं हने नं मा:
ला तया मखू नत अयला हे तया
मांबौपिन्त हे झीसं द्यभा:पिया
प्रज्ञाया सिन्ह तिनां शीलं क्वखाया
हनेमा झीसं झीगु नख: हनेमा
"झीगु संस्कृति" सदां सदां ल्यनेमा

✍ किशोर धुस:

# निर्वाण – किन यतिको जटिल ?

✍ गणेश माली

भनिन्छ भगवान बुद्धको समयमा निर्वाण प्राप्त अर्हत भिक्षु भिक्षुणी तथा उपासक उपासिकाहरूको कुनै कमी थिएन । प्रथम संगायनमा मात्रै ५०० जना अर्हत्हरू भेला भएका थिए । स्वयं बुद्धकै समयमा भिक्षु भएको केही समय भित्रै धेरै जसोले अनागामी र अर्हत् फल प्राप्त गर्थे । अहिले आएर संसारका विभिन्न बौद्ध देशहरूमा जनसंख्या वृद्धिको हिसावले भिक्षु भिक्षुणीहरू उपासक उपासिकाहरू तथा बौद्ध गृहस्थहरू प्रशस्तमात्रामा भएता पनि निर्वाण पद प्राप्त अर्हत्हरू अत्यन्त दुर्लभ भैसकेका छन् । यसो किन भएको होला ?

संभवत: बुद्धको समयमा निर्वाणको परिभाषा र व्याख्या सरल थियो र निर्वाण प्राप्तिको बाटो पनि सर्व साधारणको लागि बोध गम्य थियो । सबै प्रकारको पाप नगर्नु, सबै प्रकारको कुशल सम्पन्न गर्नु, चित्तलाई निर्मल राख्नु यही बुद्धको अनुशासन हो भनी स्वयं बुद्धले धर्मको सारलाई सरलता पूर्वक व्यक्त गर्नुभएको छ । दश अकुशल कर्मबाट विरत रही, सादा संयमी जीवन व्यतित गरी, स्मृति पूर्वक चित्तलाई वशमा राखी समाहित भएर प्रज्ञाको चक्षुले सत्यासत्यलाई अवलोकन गरी आसक्ति रहित भई निर्वाण प्राप्त गर्ने बोधिज्ञानको मार्ग सरल थियो ।

तर बुद्ध पछिका बौद्ध पंडितहरूले कालान्तरमा निर्वाणलाई तरह तरहका जटिल परिभाषाहरू दिइ व्याख्या गरे । स्थविरवाद, वैभाषिक, सौभान्तिक, नैयायिक शून्यवादी, मंत्रतंत्र यानी वज्रयानीआदिहरूले निर्वाणलाई जटिल मात्र नभै वादविवाद र तर्क वितर्कका विषय पनि बनाए । निर्वाणको जटिलता यति बढेर गयो कि, निर्वृत्त स्थितिमा कोही छ वा छैन भन्ने बारे अनेकौं शंका उपशंकाहरू उठ्न थाले ।

बुद्ध कालीन समयमा जन जीवन अत्यन्त सरल थियो भन्ने तथ्य त्यसबेलाका उत्खनन् भई प्राप्त भएका चीज वीजहरूले पनि प्रष्ट गर्दछ । अचेल निर्वाणको जटिलता संगै, सांसारिक व्यवहारिक जीवन पनि जटिलबाट जटिलतम बन्दै गइरहेकोछ । एकातिर विज्ञान तथा प्रविधिको विकासले मानव जीवनमा अनेकन भोगविलास, विषय वासना प्रलोभनका सामान र हिंसा भडकाउने हात हतियारहरूलाई सभ्यताको एउटा अनिवार्य अंग वनाइ दिएको छ भने आर्कातिर जनसंख्याको अनियंत्रित बृद्धिले विशेष गरी विकासशील देशहरूमा बाँच्नको लागि संघर्ष चर्को भएर बाँच्नुनै समस्या पूर्ण बनाइदिएको छ । जनजीवन व्यस्त र जटिल बन्दै गइरहेको छ । यस प्रकारको वातावरणमा शील समाधि र प्रज्ञाको सरल मार्गको लागि सांसारिक चक्रमा सुगमता पूर्वक पालन गरी बस्ने काम पनि जटिल बन्दै गयो । चाहेर पनि कतै गई सरल जीवन अपनाई शान्तपूर्वक आर्य सम्मको पालना गरी बस्ने ठाउँ पाउन पनि पृथ्वी तलमा दुर्लभ बन्दै गयो । फेरी अनेकन् हांगा विंगाहरूमा विभाजित बुद्धधर्ममा पनि परम्परागत विकृतिहरू आउनाको कारण धर्मको मूल उद्देश्य निर्वाण प्राप्ति एकातिर पन्छिन गएर केवल बाह्य आडम्वर, पूजा, आजा, रीति रिवाज तंत्र मंत्र जप ध्यान गरी धर्म निभाउने परम्पराहरू चली रहेको छ । फलस्वरूप बुद्ध-धर्मको शास्त्र त सरल स्वरूप नै जनसाधारणको आँखाबाट ओझेलमा पर्न गएको छ ।

यी सबै कारणहरूले गर्दा, जनसंख्या दृष्टिको अनुपातमा बौद्ध गृहस्थ तथा भिक्षु भिक्षुणीहरूको संख्यामा बृद्धिहुँदै गए तापनि निर्वाण प्राप्त व्यक्तिहरूको संख्या नगण्य वा शून्य प्राय: भैरहेको छ ।

सभ्यताको विकास र जीवनको जटिलताले एक अर्थमा भन्ने हो भने निर्वाण पथ गामीहरूको लागि मार सैन्यको शक्तिमा वृद्धिको काम गरीरहेको छ । "जो बुद्ध, धर्म र संघको शरणमा गई चार आर्यसत्यलाई सम्यक प्रज्ञाले देख्छ, यही शरण क्षेमवान र उत्तमछ, यस शरणमा गएपछि व्यक्ति सवै प्रकारको दु:खबाट मुक्त हुन्छ" – भनि बुद्ध वचन सिद्धान्तमा सरल लागेपनि व्यवहारमा अत्यन्त कठिन भैरहेको छ ।

हामी सबै बौद्धहरू मिली निर्वाण पथलाई पुन: सुगम र सरल बनाउन सफल होऔं ।

सबैको मंगल होस् । ■





Downloaded from http://www.dhamma.digital

## सप्तरत्न धन - ७

# प्रज्ञा–७

✍ प्रकाश वज्राचार्य

"पीर मान्नु पर्दैन । तपाईंको औंठी घरबाट बाहिर लगेको छैन ।" चिनोलाई राम्ररी हेरिसकेपछि जोतिषले भन्यो। भानुको मुख अँध्यारो भई। संगै बसेकी उसकी दिदीले टाउको हल्लाउँदै भनि– "मैले भनिहालें नि, तिम्रो सुनको औंठी चोर्ने चम्पा नै हुनु पर्दछ ।"

जोतिषले सिलौटमा चामल खसाल्यो र अलि घुरेर भन्यो– "तिम्रो औंठी चोर्नेले तिमीलाई पहिला पनि धेरै दुःख दिइसक्यो । उसंग तिम्रो बराबर झगडा पनि हुन्छ ।" भानुले अलि विचार गऱ्यो । उसको नन्दसंग बराबर हाताहात हुने पनि सम्झी। भानुको दिदीले सोध्यो "जोतिषज्यू, त्यो चोरनीको नाउँ पनि भन्न सक्छौ ?"

जोतिषले सिलौटमा केही लेख्यो, अनि टाउको ठाडो पारेर भन्यो– "त्यसको नाउँ 'च' बाट शुरु भएको छ ।" 'च' बाट शुरु भएको नाउँ भएको भानुको घरमा चम्पा बाहेक अरू छैन। त्यसै चम्पाले नै भानुको सुनको औंठी लिएको पक्का भयो । यसरी कुरा गरी गरी जोतिषले बढी दक्षिणा हात पारे । चिनो हेर्न पाएकोले आज उसको घरमा दुई छाक राम्ररी चल्यो । तर त्यही चिनो देखाउन आएकोले भानुको घरमा कलहको आगो बल्यो । चिनो देखाएर घर फर्कना साथ नै चामल निफनीराखेकी नन्दलाई सोझै गएर चोरनी भनेर झगडा गर्न गई । बाटोमा आउने जानेहरू सबैलाई मेला हेर्ने जस्तो भयो । सित्तैमा हेर्न पाउने हुनाले छरछिमेकीको घरका झ्याल टन्न छ– हेर्न आउनेहरूको घुइँचो ।

चम्पाहरूको घरमुनि मान्छेहरूको भीड भइराखेको देखेर बाटोमा गइराखेको आनन्दरत्नको ध्यान पनि उतै गए । उनीहरूको घरमा झगडा भइराखेको थाहा पाए। आनन्द माथि उक्ल्यो। उ मात्र माथि गएको थाहा पाएपछि अरूहरू पनि उसको पछि लाग्यो। सबै मिली भाउजु नन्दको झगडा छिने। झगडा हुनाको कारण सबै कुरा बुझेपछि आनन्दले सोधे– "चम्पाले नै औंठी लिएको भनेर कसरी थाहा भयो ?" "चिनो देखाउँदा जोतिषले भनेको ।" "जोतिषले भन्दैमा झगडा गर्ने त ? नजान्ने जोतिष पनि हुन सक्दछ नि ।" "कसरी नजान्ने हुन्छ ? चम्पा भनेर नाउँ समेत भनेर ल्याएको ।" आनन्दले अनुहार अँध्यारो पारेर भन्यो– त्यो त तिमीहरूले पहिला नै चम्पाको नाउँ लियो होला । चम्पाको अरू अरू नाउँ पनि छ। चिनोमा उसको नाउँ विद्यावती। जोतिषले उसको नाउँ कसरी भन्न सक्छ ?" भानुले केही बोल्न सकेन। अनि आनन्दले सोधे– "तिम्रो औंठी कहिले, कहाँ र कसरी हरायो ? भन ।"

भानुले भन्यो– "हिजो नुहाउन जान औंठी र घडी त्यो सन्दूकमाथि नै राखेर गएको। साँझको चार बजेतिर। पछि हेर्दा घडी मात्र छ। औंठी भने छैन ।"

आनन्दले चम्पासंग सोधे– "तिमी हिजो छ बजे घरमा थियो ?" "थिएन । म त सूर्यकुमारीकहाँ धान कुट्न गएकी थिएँ । राती फर्कंदा भाउजु कराइराख्नु भएको सुनें। म भात पकाउन गएँ ।"

सूर्यकुमारीले पनि उसको कुरा हो भनेर सहि थपिन् । चम्पाले औंठी नचोरेको सिद्ध भयो । अनि आनन्दले भानुलाई भन्यो– "हेर बुहारी, दोष तिम्रै हो। पहिला त तिमीले ठीक ठाउँमा औंठी राखेनौ अर्को विचारै नगरीकन नन्दसंग झगडा गरी यत्रो तमाशा गऱ्यौ। धान कुटन गएकीले कसरी लिन्छ भन्ने विचार गरेनौ। आफ्नो बुद्धि नपुऱ्याइकन नचाहिंदो किसिमबाट चिनो देखाउनु गयौं, घरमा कलह मात्र गऱ्यो। भानुको मुख रातो भई आई।

औंठी पहिले पनि खोजिसकेको हो। तैपनि फेरि औंठी खोज्ने काम भयो। सन्दूकको भित्र बाहिर चारैतिर खोज्यो । तर पनि औंठी भेटिएन। मुसाले काटि टुक्रा टुक्रा भएको कागतका धुलोहरू, कपडा आदि आन्द्रा भुँडी निस्के जस्तो निस्क्यो। अकस्मात् आनन्दलाई एउटा विचार आयो। आनन्दले मूसाले लगिराखेका सम्पत्ति सबै हात भित्र पसाई निकाले । झुत्रो झात्रो, थोत्रा थोत्रीको बीचमा सुनको तल्कीराखेको औंठी सबैले देखे ।

बिहान सधैंको जस्तो समयमा भिक्षु धम्मालोकले कथा शुरु गर्नुभयो– "उपासक, उपासिकाहरू ! आज मैले भन्न लागें सातौं सप्तरत्न धन 'प्रज्ञा' धनको बारेमा। ठीक ठाउँमा ठीक किसिमले प्रयोग गर्न सक्ने बुद्धि नै प्रज्ञा हो । साँचै भनुँ भने अनित्य संसारलाई नबिराइकन देख्नु नै ठूलो प्रज्ञा हो ।"

"... आज बुद्धिको सहारा लिन सकेर नै मान्छे, मान्छे हुन सक्यो । सबै बलभन्दा बुद्धि बल नै बलियो छ । ठूलो, सानो, मोटो, दुब्लो छुटाउनु व्यर्थ हो । साँचै भनुँ भने प्रज्ञा विश्व विजय गर्न सक्ने साधन हो। जहाँ प्रज्ञा हुन्छ, त्यहाँ कलह हुँदैन। जहाँ प्रज्ञाको सुगन्ध हुन्छ,

त्यहाँ कुरीति र अन्ध विश्वासको दुर्गन्ध हुँदैन । जहाँ प्रज्ञाले मुख देखाउँछ त्यहाँ नजान्ने, थाहा छैन भन्ने कुरो नै आउँदैन ।"

"...प्रज्ञालाई प्रयोग नगरीकन राख्यो भने कहिले पनि विकास हुँदैन । आफ्नो प्रज्ञाले ठीक छ छैन छुट्याउन सक्नु पर्दछ भनी बौद्ध धर्मले सिकाउँछ । ज्ञानलाई प्रयोग गर्न प्रज्ञा नभई हुँदैन । ज्ञान भनेको पढेर सिकिन्छ । तर बुद्धि भनेको अनुभवले मात्र पाउन सकिन्छ । धर्मको छलफल गरेर भएको श्रद्धा र बुद्धि जम्मा गरेर स्वस्थ र निरोगी भई, मूर्खहरूसंग संगत नगरी असल वा बुद्धिमानहरूसंग संगत गरी आफैले गहरिएर प्रज्ञाको विचार गरेर जहाँ पनि नबिराइदिनाले नै धेरै प्रज्ञा बढाउन सकिन्छ ।"

"... शारीरिक आँखाले नदेखिने वस्तु हेर्ने हो भने प्रज्ञाको आँखा चाहिन्छ । प्रज्ञा विश्वको सर्वश्रेष्ठ आँखा (चक्षु) हो । प्रज्ञा नभएको मान्छे आँखा भएको अन्धो हो । प्रज्ञा त्यो धन हो, जुन धन भएको मान्छे संसारमा कहिले पनि हार्दैन । त्यसैले बुद्धले भन्नु भएको छ– "प्रज्ञा नर (मान्छे) को रत्न हो ... ।"

अलि बेरपछि कथा सिद्धियो । तर तारामान साहुजीलाई भिक्षुले भन्नु भएको अलिकति पनि चित्त बुझेन । संगै बसेकी सूर्यकुमारीको आवाज सुनियो-"बुद्धि ठूलो भनेको नहोला र ? ल हेर न अस्ति मात्र आनन्दबाबुको बुद्धिले भानु र चम्पाको झगडा कस्तो मज्जासंग छिनिदियो । अनि कस्तो मज्जासंग सुनको औंठी पनि फेला पारिदियो ।" पैसा जम्मा गरेर मख्ख भइराखेको तारामान साहुले आनन्दको प्रज्ञाको प्रशंसा सुनेर मुख अँध्यारो पाऱ्यो ।

मुख अँध्यारो पार्दैमा सत्य बदल्दैन । यो कुरा तारामान साहुले तीन महिना पछि मात्र चाल पायो । एउटा चोरले तारामान साहुको घरमा चोरेर भाग्यो हलचल नै गर्न नसकेकी रातमा निन्द्रा परेकी आमा चोर देखि चिच्याई । गाउँका चार पाँचजना चोरको पनि पछि लखेट्दै गए । चोर एउटा केही नभएको आधी भत्केको घरभित्र पस्यो । चोरलाई फेला पारेर समात्यो तर कोठाबाट बाहिर निस्कन लाग्दा कोठाको बाहिर नै दुईवटा विषालु सर्पहरू टोक्न आउन लागेको देखे । पछाडी पनि एउटा सर्प देखियो । संगैको प्वालमा पनि एउटा सर्प देखापऱ्यो ।

चारवटा ठूल-ठूला सर्पहरू ! विष भएका !! हेर्दै रिसाएका !!! गाउँलेहरूको जीउ नै सिरिङ्ग भयो । कसैले कुन देवता कसैले कुन देवता पुकार्न थाल्यो । तारामान साहु डरले थुर थुर काम्न लाग्यो । काल मृत्यु भनेको कस्तो हुन् भन्ने उसले सम्झन थाल्यो । आफ्नो छोरा छोरी धन सम्पत्ति सबै माया मार्न थाल्यो । चोरको पनि जीउभरि पसिना आउन थाल्यो । तर आनन्दरत्न अलिकति पनि हडबडाएन र मसिनो स्वरमा भन्यो– "होश राख मार्नु अगाडि नमर । मैले गरे जस्तो गर" यसो भनि आनन्दले आफ्नो टोपी फुकालेर पोको पारे । अनि त्यो डल्लोलाई हाहा गरेर आफ्नो सांसले तताए । अरूले पनि त्यस्तै गरे । सर्पहरू झन डस्न आउन लाग्यो । दुईजना त अगाडि नै आइपुगिसक्यो । आनन्दले टोपीको पोका कोठाको जहाँ तहीं फाली दियो । अनि भन्यो-"अब हात समाती माला भएर आउनु । सास समेत नफेर्नु । यति भनि उसले आफ्नो दियालो निभायो । सबै माला भएर निस्कियो ।

अँध्यारो छ । सबै डरले कामिराखेका थिए । सर्पको अँध्यारोमा चोर भाग्न सकेन । एक्कासि चोर चिच्याएर ल्याएको सुनियो । सबैको मन ढुक ढुक भयो । अँध्यारो भए पनि सबै आनन्दको पछि लागि सबै बाहिर आयो ।

भोलिपल्ट हेर्न जाँदा चोरको जीउभरि निलो भएर मरिराखेको देखे । गाउँलेहरूलाई बचाई दिएको हुनाले सबैले आनन्दलाई आशीर्वाद दिए । सबभन्दा बढी खुशी त तारामान साहुलाई भयो ।

टोपी डल्लो पारेर किन फ्याँकेको भनेर सोद्धा आनन्दले भन्यो– "सर्पको कान छैन, त्यसैले मैले सानो स्वरले बोलेको, उनीहरूले सुन्दैन । हामीलाई नदेखि जे गरी बत्ती निभाई कोठा अँध्यारो पारिदिए । अँध्यारो भए पनि हाम्रो तातो साससे गर्दा थाहा पाउँछ । अँध्यारोमा उनीहरू त्यही तातो टोपीतिर गए । हामीहरू भाग्यौं । तर विचरा चोर । त्यसलाई थाहा छैन । उ कोठाबाट थर्कने गरी भाग्ने कोशिश गऱ्यो र सर्पले उसलाई झम्ट्यो ।"

सबैले आनन्दले थाहा पाएको ज्ञान र उसले प्रयोग गरेको बुद्धिलणई प्रशंसा गऱ्यो । तारा साहुले विचार गऱ्यो । "साँच्चै आनन्दको प्रज्ञाले गर्दा हामी बाँच्यौं । मेरो धनले के गर्न सक्यो ? प्रज्ञा ठूलो छ, सप्तरत्न धन ठूलो भनेको सत्य हो । यस्तो उपदेश दिने बुद्धलाई वन्दना छ ।"

श्रद्धाबस तारामान साहुजीले टाउको निहुरायो ।

–: समाप्त :–



Downloaded from http://www.dhamma.digital

# बुद्ध जन्मस्थान लुम्बिनी कता पऱ्यो ?

*आयोजक-*

यहाँहरू आज कुन विषयमा छलफल गर्न आउनु भएको होला । सहभागीहरू त आज थुप्रै हुनुहुँदो रहेछ नि । लौ त कार्यक्रम शुरु गरि हालौं न ।

*सहभागी-*

आज अरु दिनमा जस्तै धार्मिक विषयलाई लिई छलफल नगरी बुद्ध जन्मस्थान लुम्बिनीको विषयमा छलफल गर्ने विचारले यहाँ उपस्थित भएका छौं हामी त । सुनिन्छ, भारतका केही अति पण्डितवर्गले आजभोली बुद्ध जन्म स्थान त भारतको उडिसा भनिने इलाका हो भनी भ्रामक हल्ला फैलाएकारहेछन् नि । यसविषयमा खुलस्त जानकारी हुने गरी प्रष्टाई दिनुस् न ।

*आयोजक-*

लुम्बिनीलाई लिएर यसरी अनर्गल र भ्रमपूर्ण कुरा उठाउने कार्य अहिले मात्र होइन पहिला पहिला पनि पटक पटक नै भइसकेका छन् । हामी सबैलाई थाहा भएकै कुरो हो भारतको विशाल हृदयलाई साँगुरो बनाउनको लागि यस्तो कार्य गरिएको हो । तर प्रकृतिको नियमले हेर्ने हो भने नराम्रो चित्तले काम गरिएको खण्डमा आफूले खनेको खाल्डोमा आफै खसिन्छ ।

हुनपनि हो, सम्राट अशोकले आफै लुम्बिनी पुग्नुभई **"हिद बुधे जाते"** अर्थात् यहाँ बुद्ध जन्मनु भएको हो भनी लुम्बिनीमा शिलास्तम्भ समेत खडा गर्नु भएको ऐतिहासिक प्रमाण छँदाछँदै बुद्ध नेपालको लुम्बिनीमा जन्मनु भएको होइन भन्नु आफ्नो मूर्खतापूर्ण व्यवहार प्रकट गर्नु बाहेक अरु के हुन सक्छ र ?

हाल लुम्बिनीले बुद्ध जन्मस्थलको रुपमा अन्तर्राष्ट्रिय मान्यता समेत प्राप्त गरिसकेको हामीले देखिरहेकै छौं । प्रमाणको लागि खोज्ने हो भने यस पवित्र स्थलमा चीन, जापान, कोरिया, (वियतनाम) भियतनाम, श्रीलंका, म्यानमार (बर्मा), थाइलैण्ड आदि विभिन्न देशहरूले आ-आफ्ना शैली अनुसार बौद्ध चैत्य र विहार हरू बनाइसकेका छन् र बनाइरहेका पनि छन् । यी प्रमाणहरू ताजा रूपमा छँदा छँदै पनि बुद्ध भारतमा जन्मनु भएको हो भनी दावी गर्नु कतिको मनासिव कुरो रहेछ विचारणीय कुरो हो यो ।

बुद्धले भन्नुभएको थियो मूर्खहरूसंग तर्क गुर्न नै आफूलाई मूर्ख बनाउनु हो । त्यसैले हामीले यी प्रमाणहीन र आधारहीन कुरातर्फ ध्यान नदिई उपेक्षा भाव राख्नु नै बुद्धिमानी हुनेछ ।

आजभोली त हामीले लुम्बिनी स्थित अशोक स्तम्भलाई सुरक्षा गर्ने कार्य तर्फ ध्यान दिन आवश्यक देखिन्छ । यस्तो गर्न सक्यौं भने अशोक स्तम्भ चोरेर नक्कली लुम्बिनी बनाउन खोज्ने व्यक्तिहरूलाई अवसर मिल्ने छैन । हामीले यी पीर मान्नै पर्दैन । इतिहासले हामीलाई राम्रै साथ दिइरहेको छ नि । किनभने मायादेवी मन्दिर विद्यमान रहेको मायादेवीको माइती देवदह त हाम्रो नेपाल देश भित्रै पर्दछ । त्यति मात्र कहाँ हो र ? शुद्धोदन राजाको राजधानी कपिलवस्तु पनि नेपालमा नै परेको छ । यसरी पालि साहित्य र इतिहासमा उल्लिखित बुद्धजीवनीसंग सम्बन्धित थुप्रै स्थानहरू नेपाल भित्रै परेका छन् । यसरी ताजा प्रमाणहरू विद्यमान छँदा छँदै पनि अनुदार हृदयी व्यक्तिहरूले बुद्ध जन्म भूमि नेपाल होइन भारत हो भनी झूठा प्रचार गर्नु कस्तो विडम्बना होला यो ।

*अर्को एक सहभागी-*

बुद्ध जन्म स्थान लुम्बिनीलाई मात्र कहाँ हो र ? कपिलवस्तुलाई पनि नेपालको तौलिहवा तिलौराकोटमा होइन भारतको पिपरहवामा पर्दछ भनी यसरी नै झूठो प्रचार गरेको रहेछ नि यिनीहरूले । कस्तो गजब गजबको कुरा सुन्न परेको यो ? विशाल भारतको हृदय र मनोवृत्ति किन संकुचित पार्न खोजिएको ?

*आयोजक-*

विनाशकाले विपरीत बुद्धि भनेको यस्तै प्रकारको काम कुरालाई त होला नि । तिलौराकोट अथवा तौलिहवामा रहेको कपिलवस्तुको पालिसाहित्य अनुसार को भौगोलिक स्थानिय चित्रण अहिले पनि सबै यथावत नै रहेको छ । नजिकै बाणगंगा बगिरहेकै छ । हिमालय स्पष्टसंग त्यहाँबाट नै देखिन्छ । कपिलवस्तुवाट पूर्वतिर

लुम्बिनी पर्दछ । त्यहाँबाट पनि पूर्वदक्षिणतर्फ देवदह पर्दछ । खोई यी सबै प्राकृतिक चित्रणहरू भारतमा ?

हुनत हालको पिपरहवा बुद्धकालिन कपिलवस्तु अन्तर्गत नै पर्दथ्यो । पछि देशको सिमाना विभाजन हुँदा पिपरहवा भारतमा परेछ । लुम्बिनी, कपिलवस्तु, देवदह र रामग्राम भने नेपालमा परेछ ।

भारत सरकारले पिपरहवालाई राम्ररी विकास गरेको छ । तर अपशोच । हाम्रो कपिलवस्तुलाई भने हाम्रै सरकारले उपेक्षित अवस्थामा थन्काइदिएको छ । अनाथ छ कपिलवस्तु आजभोली । पवित्र तीर्थ स्थल मानी कपिलवस्तुमा आउने तीर्थ यात्रीहरूलाई कुनै किसिमको सुविधा छैन यहाँ । दुर्भाग्यपूर्ण कुरा हो यो । बुद्धजीवनीसंग संम्बन्धित थुप्रै स्थानहरू हाम्रो देशभित्र परेका छन् भनी फुईं लगाउने ठाउँ भएपनि ती पवित्र स्थानहरूलाई इज्जत साथ सजाएर देखाउने शक्ति हामीमा छैन । दूर्भाग्यपूर्ण कुरा हो यो । लौ धेरै कुरा गरेर पनि के फाइदा ? काम धेरै भए मात्र फाइदा हुनेछ । जे होस्, बुद्ध जन्मस्थान भारत हो भनी भ्रम फैलाउनु भनेको नै सूर्यलाई नाङ्लोले छेक्ने प्रयास हो ।

*सहभागीहरू-*

आजत हामीले लुम्बिनी र कपिलवस्तु को महत्त्वबारे राम्ररी जानकारी पायौं । खुशी लाग्यो । धन्यवाद छ आयोजक ज्यूलाई हवस् त हामी विदा माग्छौं आजलाई । ■

## बुद्ध तिमी फर्केर आउ

आउ बुद्ध दिव्य ज्योति
फिजाई एकपल
संसारको अन्धकार हटाउन
टेकेर आउ सात पाईला
कमलको फूलमा
संसारको अज्ञानता
अहंकार हटाउन ।

छरेको शान्ति यहाँ तिमीले
हिंसाले चोइटा चोइटा पारेर
वलिरहेछ संसारमा विकृति
र विध्वंसको ज्वाला
आफू आफूमा मारिएर ।

अहिंसा दया र क्षमा
संसारबाट हराईरहेको छ ।
विजुलीको प्रकाशले उज्यालो
पारेन यो संसारलाई
तिम्रो ज्ञानको ज्योति
पुञ्जको अति आवश्यक परेको छ ।

✍ **अम्बिका शाक्य**
धरान-१२ मयूरपथ

धर्मप्रचार | समाचार

## भिक्षु सुशीललाई धर्मशीला विद्वतवृत्ति

२०६० कार्तिक । स्थान - पोखरा धर्मशीला बुद्धविहार ।

दिवंगत धर्मशीला गुरुमाँको पुण्य स्मृतिमा कर्मशीला गुरुमाँले स्थापना गर्नु भएको धर्मशीला विद्वतवृत्ति रु १५ हजारको रकमका साथ कदर पत्र सहित यस वर्ष काठमाडौं स्थित बुद्धविहारका भिक्षु सुशीललाई प्रदान गरिएको समाचार छ । उक्त कार्यक्रममा धर्मशीला बुद्ध विहारमा वर्षावास बस्नु भएका भिक्षु श्रद्धानन्दको सभापतित्वमा र अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

**"एक सत्यधर्मलाई अतिक्रमण गर्ने, झूठवादी, यस जीवन पछिको अर्को जीवन प्रति वास्ता नराख्ने व्यक्तिले नगरिने पाप भनेको केही छैन (हुँदैन) । - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# माँया लुमन्ती

✍ लक्ष्मी हीरा तुलाधर
माउण्ट ग्रीन स्कूल (बहादुर भवन क्याम्प)
ज्याठा ठमेल,काठमाडौं

नामं ब्यूतीफुल ज्यांनं ब्यूतीफुल
धात्थे ब्यूतीफुल, अती बाँ लाम्ह ।
जिमि माँ ब्यूतीफुल, जिमि माँ ब्यूतीफुल

दया माया मनं भय् भय् ब्यूम्ह,
दान, धर्मया मू बाँलाक स्यू म्ह,
नारी शिक्षाया मू नं थू म्ह
धात्थें थौंया मिसा धाय् लोम्ह

जिमि माँ ब्यूतीफुल जिमि माँ ब्यूतीफुल
धात्थें ब्यूतीफुल अति बाँलाम्ह ।

अन्ध विश्वासया समाजे ब्वलंम्ह,
नारी दमनया शामन्ती इले,
अनन्त व प्रवलगु इच्छा याना वं
जन्म विया वन जिमित थन ।

जिमि माँ ब्यूतीफुल जिमिमाँ ब्यूतीफुल
धात्थें ब्यूतीफुल अती बाँलाम्ह ।

तुफीमो ज्व ज्वं, लितु ल्यू ल्यूं
हेका हेका बाखँ कं कं,
सुला सुला वं थ मस्तेत
शिक्षा पुसा ह्वला वन ।

जिमि माँ ब्यूतिफुल जिमि माँ ब्यूतिफुल
धात्थें ब्यूतीफुल, अती बाँलाम्ह

गनं वल मस्यू हाँ अपार व आस्था
बुद्ध वचने पुर्व संस्कार मदुसा
फल सल न्हाँ थौं पुसा ह्वला वं थें
कल्पना याय् मफुगु उगु प्रबल इच्छा

जिमि माँ ब्यूतिफुल जिमि माँ ब्यूतिफुल
धात्थें ब्यूतीफुल, अती बाँलाम्ह ।

जिं स्यू जिमि माँ ब्यूतीफुल मन्त
अय्सां स्वया च्वन निश्चय वं थन
फय् निभा व लखे दुपिना
मुसुमुसु न्ह्यु न्ह्युं लय लय ताताँ

जिमि माँ ब्यूतिफुल जिमि माँ ब्यूतिफुल
धात्थें ब्यूतीफुल, अती बाँलाम्ह ।

नय हे मखँसाँ थी हे मफुसाँ
स्वया स्वया व लुदन जुई
पिना वंगु फल थौं स:गु खनासाँ
अवश्य वृष्टी जुल जुई व

जिमि माँ ब्यूतिफुल जिमि माँ ब्यूतिफुल
धात्थें ब्यूतीफुल, अती बाँलाम्ह ।

Dhamma.Digital

## बुद्धको मूल शिक्षा

'सब्ब पापस्स अकरणं, कसलस्स उपसम्पदा;
सचित्त परियोदपनं एतं बुद्धान सासनं'

अर्थ- 'कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।'

***Not to do Evil, To Cultivate Merit, To Purify One's Own Mind.***

*भावार्थ- पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ । - बुद्ध*

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनीवारिय कार्यक्रम

२०६० आश्विन १० गते, शनिवार ।
स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घ: । प्रस्तोता- विमला

**विषय : मिलिन्द प्रश्न ।**

यसदिन पूज्य धम्मवती गुरुमांले मिलिन्द प्रश्न विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

हामीले जहिले पनि राम्रो आशिका गर्नुपर्दछ । कुशल कर्म र अकुशल कर्म काय, वचन र मनबाट भइरहन्छ । मिलिन्द प्रश्न अध्ययन गरी हेरेपछि थाहा हुन्छ राजा मिलिन्द र भिक्षु नागसेन दुबैले आ-आफ्ना पूर्व आशिकानुसार फल प्राप्त गर्न सक्षम भएका छन् ।

राजा मिलिन्दले भिक्षुहरूलाई प्रश्न गर्ने क्षमता र भिक्षु नागसेनले ती कठिन प्रश्नहरूको उत्तर दिन सक्ने क्षमता उनीहरूको आ-आफ्नो पूर्व आशिकाको फल नै हुन् ।

**धर्मकीर्ति विहार नवनिर्मित भवनको वार्षिकोत्सव**

२०६० कार्तिक २६ गते । धर्मकीर्ति विहार, श्रीघ:न:घल ।

धर्मकीर्ति विहारको नव निर्मित भवन उद्घाटन गरिएको एक वर्ष पूरा भएको उपलक्ष्यमा भवन निर्माण गर्नुहुने दाता द्रव्यमानसिंह, वसुन्धरा तुलाधर प्रमुख सपरिवारको आयोजनामा भवनको वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको छ । विहान बुद्ध पूजा गरी शुरू गरिएको उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नुभएको थियो । उक्त कार्यक्रममा विहार दाताको तर्फबाट भिक्षु संघ र गुरुमांहरूलाई दान प्रदान गरिनुका साथै जलपान र भोजनदान गरिएको थियो भने बुद्धपूजामा उपस्थित हुनुभएका सबै उपासको-पासिकाहरूलाई जलपान दान गरिएको थियो ।

**अहोरात्री महापरित्राण**

२०६० मंसीर ५ गते, शुक्रवार ।
स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घल ।

रत्न मञ्जरी गुरुमांको ८६ औं जन्मदिनको उपलक्षमा गुरुमांहरूको तर्फबाट अहोरात्री महापरित्राण पाठ सम्पन्न गरिएको छ । धर्मकीर्ति विहारको आयोजनामा सम्पन्न गरिएको उक्त कार्यक्रममा मंसीर ६ गते रत्नमञ्जरी गुरुमांको तर्फबाट भिक्षु संघ एवं गुरुमांहरूलाई दान प्रदान गरिनुका साथै भोजन दान गरिएको थियो ।

**खुकोगु लेखन प्रतिभा विकास सम्बन्धी तालिम**

२०६०।०६।२४ गते, शनिवार ।
थाय्- धर्मकीर्ति विहार, येँ ।

लेखन क्षेत्रय् नकतिनी पला: त:पिसं जक मखुसे स्थापित जुइधुंकुपिं लेखक वर्ग नं उत्तिकं हे गंभीरतापूर्वक थ्व तालिमय् ब्वति कया च्वंगु दु । खुकोगु थ्व तालिमया विषय ख:, "अन्तर्वाता" ।

प्रशिक्षक भाजु सुरेश किरण मानन्धरजुं अन्तर्वार्ता गुलि किसिमयागु दु, अले प्रत्येक अन्तर्वार्ता काय्‌गु तरीका व अन्तर्वार्ता काय् न्ह्यो छु छु तयारी याय्‌मा धैगु खँ दुग्यंक कनादिल । अन्तर्वार्ता सम्पादन याय्‌गु ज्या नं लेखक स्वयम्‌यागु ख: धका कनादिल ।

अन्तय्, आ: न्ह्यने वयाच्वंगु स्वन्ती नख:या बारे लेख च्वयेत स्वन्तीया थी थी पक्ष थी थी दृष्टिकोण व थी थी विषय कनादीगु दु ।

**धर्मप्रचार — समाचार**

### भिक्षु अश्वघोषको ६० औं वार्षिक प्रव्रज्या समारोह

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर प्रव्रजित हुनुभएको ६० औं वर्ष प्रवेश भएको उपलक्ष्यमा युवा बौद्ध समूहले ने.सं. ११२४ वार्षिक अवधिभर विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने भएको छ ।

यसको लागि युवा बौद्ध समूहका प्रमुख शान्तरत्न शाक्यको अध्यक्षतामा "भिक्षु अश्वघोष महास्थविर ६० औं प्रव्रजित समारोह समिति" गठन गरिएको छ ।

उक्त समतिले एकवर्ष अवधि भित्र बौद्ध जागरण, कवि गोष्ठी, वक्तृत्व कला, चित्रकला, ध्यान शिविर, भन्तेको जीवनी प्रकाशन, भिक्षाटन, पुस्तक पदर्शन तथा परिसंवाद आदि विभिन्न कार्यक्रमहरू सञ्चालन गरी अन्त्यमा भन्तेलाई सार्वजनिक अभिनन्दन गरिने भएको छ ।


### अभिधम्म स्मारिका लोकार्पण

अभिधम्मको मौलिक ग्रन्थहरूको आधारमा तयार पारिएको "अभिधम्म स्मारिका" एक समारोह बिच २०६० मंसीर १५ गते सुमंगल विहारमा लोकार्पण गरिएको छ । उक्त समारोह अभिधम्म अध्ययन समाजले आयोजना गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# भिन्तुना !



**वरिष्ठ आचार्य रत्न मञ्जरी गुरुमां**

धर्मकीर्ति विहारया सह-संस्थापिका वरिष्ठ विपश्यना ध्यान आचार्य **रत्न मञ्जरी** गुरुमां ८६ दँ क्यंगु लसताय् वसपोलया तःहाकःगु आयु व भिं उसाँय् तातुनाः वसपोलया पाखें बुद्धया प्रतिपत्ति शासनय् तोमफीक गुहाली दयाच्वनेमा धकाः भिन्तुना देछायागु जुल ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार परिवार**

### रक्तदान

२०६० भाद्र २४ गते ।

बेनी म्याग्दी, बेनी बजार संगम चोक ।

म्याग्दी बौद्ध संघ बेनीको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको समाचार छ । महिला २७ जना र पुरुष २६ जना गरी जम्मा ८३ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको उक्त कार्यक्रममा श्री मुक्ति रोका मगर प्रमुख अतिथी रहनु भएको थियो । उक्त कार्यक्रममा संकलित रगत बाग्लुङ्ग रक्त संचार केन्द्रमा जम्मा गरिएको कुरा पनि थाहा हुन आएको छ ।

*<u>बौद्ध अध्ययन समाजको प्रेस विज्ञप्ति</u>*

**बौद्ध अध्ययन समाज, नेपाल द्वारा आयोजित 'देशको द्वन्द स्थितिको समाधानमा बुद्ध धर्मका उपायहरू"**

विषयकमा

२०६० आश्विन १३ गते युरोपियन युनियनका कार्यवाहक राजदूत महामहिम रुदिगर बेङ्ग ज्यूको प्रमुख आतिथ्यमा एक दिने राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न गरी सम्पूर्ण बौद्ध जगतहरूका तर्फबाट वर्तमान देशमा देखा परिरहेको द्वन्द सँग सम्बन्धित सबै पक्षलाई निम्न सुझावहरू प्रस्तुत गर्दै तथागत सम्यक् सम्बुद्धको जन्मभूमि नेपालमा स्थायी शान्ति कायम गर्न अनुरोध गरिन्छ ।

*सुझावहरू:*

१. द्वन्द समाधानको मार्ग पहिल्याउँदा द्वन्द भित्र अन्तर निहित कारक तत्वहरूको पहिचान राम्ररी गर्नुपर्ने ।

२. शक्तिको स्वरूप स्वभावत: अनित्य हुने भएकोले वर्तमान अवस्थामा जतिसुकै यसको संचित गर्ने प्रयास भएता पनि हेतु प्रत्यय (दुष्प्रभाव) को कारणले गर्दा भविष्यमा यसले आफैलाई नष्ट गर्दै जाने यथार्थता बाट सचेत हुनुपर्ने ।

३. विजय, पराजयले वैरभावलाई प्रोत्साहित गरी द्वेष भावना अभिवृद्धि हुने हुँदा, विपक्षको कुरा र आलोचनालाई अपहेलना गरी हठधर्मी हुने परम्परालाई त्यागेर सह अस्तित्वको भावनालाई विकसित गरी भातृत्व व्यवहारलाई निरन्तरता दिएर अगाडि बढ्ने ।

४. द्वन्दलाई एउटा स्वभाविक घटना मात्र सम्झी (स्वीकारी) यसका विध्वंसात्मक पक्षलाई त्यागी सकारात्मक पक्षलाई श्रृजनात्मक कार्य परिचालनमा समाहित गरी नयाँ युगको सुरुवात गर्ने तर्फ अभिप्रेरित हुने ।

५. द्वन्दको मनस्थितिलाई त्यागी परस्परमा विश्वासको वातावरण जगाई हत्या, हिंसा र आतंकपूर्ण जीवनबाट ग्रस्त जनसमुदायलाई शान्ति र सुव्यवस्थाको आभास दिने कार्यमा प्रतिवद्धता जाहेर गर्ने ।

६. व्यापक जनभवनाको कदर हुने गरी केही समय देखि बन्द भएको वार्ताक्रमलाई निरन्तरता दिने तर्फ अभिमुख हुनुपर्ने ।

७. विकेन्द्रिकरणको नीतिलाई बौद्ध सिद्धान्त अनुरूपको व्यवहारिकतामा उतार्ने परिपाटी बसाल्नु पर्ने ।

८. नेपाली भूमिमा जन्म लिएका भगवान बुद्धलाई हर क्षण संस्मरण गर्दै शान्ति र सम्वृद्धिको निमित्त बुद्धत्व भाव जगाउँदै रहने ।

९. बौद्ध दर्शनलाई मात्र बौद्धहरूको दर्शनका रूपमा नलिई, बुद्ध दर्शनकै रूपमा मानेर देशमा रहेका सम्पूर्ण राजनैतिक बुद्धिजीवी, प्रशासनिक तथा जिम्मेवार व्यक्तिहरूले पूर्वाग्रही भावना निस्तेज पारी त्यसको अध्ययन गरी जीवनमा अनुशरण गर्ने ।

उपरोक्त सुझावहरूलाई सम्बन्धित नियकाहरूबाट आवश्यक पहल गरिदिनु भै, देशमा शान्ति सुव्यवस्था कायम हुनेछ भनी हाम्रो बौद्ध अध्ययन समाज नेपाल आशा एवं विश्वास राख्दछ ।

धन्यवाद !

### छैठौं बौद्ध जागरण शिविर

२०६० कार्तिक २८ र २९ गते ।

स्थान- कम्राङ्ग बुद्ध विहार, मानिखेल ।

युवक बौद्ध मण्डल र कम्राङ्ग बुद्ध विहारको संयुक्त आयोजनामा र हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनको प्रायोजनमा छैठौं बौद्ध जागरण



Downloaded from http://www.dhamma.digital

शिविर संचालन गरिएको समाचार छ ।

पञ्चशील प्रार्थना र त्रिरत्न वन्दना गरी शुभारम्भ गरिएको उक्त कार्यक्रम ल.पु.उ.म. न.पा.का पूर्व मेयर श्री बेखारत्न शाक्यले उद्घाटन गर्नुभएको थियो ।

रवीमान स्यान्ताङ्गले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनु भएको थियो ।–

डम्बर बहादुर योञ्जन, चन्द्रमान शाक्य, श्याम तामाङ्ग, हेमबहादुर शाक्य, वेखारत्न शाकय, बुद्ध बहादुर थिङ्ग आदि । श्रद्धेय गुरू काइला लामाले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रम खेवीराज तामाङ्गले संचालन गर्नुभएको थियो ।

शिविरको दोस्रो दिनमा कक्षा संचालन गरिएको थियो । करीव ६० जना प्रशिक्षार्थीहरूले भाग लिएको उक्त कक्षामा विपश्यना ध्यान, पञ्चशील, त्रिरत्न वन्दना, चतुआर्य सत्य, प्रतित्य समुत्पाद र आर्य अष्टाङ्गिक मार्ग आदि विषयहरूको प्रशिक्षण दिइएको थियो । हेम बहादुर शाक्य, राजेश शाक्य र श्रद्धेय गुरु काइला लामाले प्रशिक्षण दिनुभएको उक्त कार्यक्रममा प्रेमबहादुर वज्राचार्य, राजेश शाक्य, नबिन वज्राचार्य र लक्ष्मी शोभा शाक्य आदिले पनि आ-आफ्नो विचार पोख्नु भएको थियो ।

## बुद्धघोष प्रकाशन समितिलाई सहयोग

२०६० कार्तिक २० गते, विहीवार ।
स्थान- श्री सुमंगल विहार, ललितपुर ।

अखिल नेपाल भिक्षु महासंघका सचिव तथा नेपाल बौद्ध परियत्ति शिक्षाका सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरले आफ्नो ६४ औं जन्मोत्सवको उपलक्ष्यमा "बुद्धघोष प्रकाशन समिति" लाई सहयोग स्वरूप रू. ५०,०००/- प्रदान गर्नु भएको समाचार छ । नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यपुस्तक प्रकाशन गरी सहयोग गर्ने उद्देश्यले उक्त शिक्षाका संस्थापक भिक्षु बुद्धघोष महास्थविरको नाममा २०५० सालमा भिक्षु ज्ञानपूर्णिककै अध्यक्षतामा उक्त समिति गठन गरिएको थियो । उक्त समितिलाई समितिकै एक सदस्य धर्मरत्न शाक्य 'त्रिशूली' ले पनि रू. १०,०००।- को पुस्तकहरू प्रदान गर्नु भएको कुरा थाहा हुन आएको छ ।

उक्त समितिले धर्मरत्न 'त्रिशूली' द्वारा सम्पादित 'बौद्ध दर्शनया विकास' र स्वाक्खात गुण धर्मदेशना' नामक दुईवटा पुस्तकहरू प्रकाशन गरेका छन् । सो समितिको हालै बसेको बैठकले नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षामा सोधिएका चार वर्षका प्रश्न-पत्रहरू समावेश गरेर प्रश्न-पत्रहरूको सँगालो पनि प्रकाशन गर्ने निर्णय गरिएका कुरा समितिका सचिव महेन्द्ररत्न शाक्यले बताउनु भएको छ ।

## शान्तिवनमा शैक्षिक भ्रमण

२०६० कार्तिक २९ गते, शनीवार ।
स्थान- शान्तिवन, गोदावरी ।

यसदिन दीपंकर परियत्ति शिक्षालय नागबहालका विद्यार्थीहरूबाट शान्तिवन गोदावरीमा शैक्षिक भ्रमण गरिएको थियो । २५ फीट अग्लो शान्ति नायक बुद्ध मूर्ति अगाडि श्रद्धेय भिक्षु आनन्दको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा शील प्रार्थना, बुद्धपूजा, धर्मदिशना, र हाजिरी जवाफ प्रतियोगिता आदि कार्यक्रम संचालन गरिएको थियो ।

दीपंकर परियत्ति शिक्षालयका कोषाध्यक्ष श्री हेराकाजी सुइकाको प्रवन्धमा र शान्तिवन समितिको सहयोगमा सम्पन्न भएको उक्त कार्यक्रममा केन्द्राध्यक्ष सुश्री अमिता धाख्वा: र नागबहाल सामुदायिक स्वास्थ्य सेवा समतिका सचिव श्री चित्ररत्न शाक्यले आजको सन्दर्भमा परियत्ति शिक्षाको महत्त्व विषयमा विश्लेषण गर्नुभएको थियो ।

यसरी नै भिक्षु आनन्दले वर्तमान परिप्रेक्षमा मानसिक विकास गर्ने परियत्ति शिक्षाको आवश्यकतालाई औंल्याउनु हुँदै प्रवचन दिनुभएको थियो ।

श्री शुक्रराज शाक्यको संयोजकत्त्वमा मैत्री, करुणा, मुदिता र उपेक्षा समूहमा रहेका परियत्तिका विद्यार्थीहरू विच भएको बुद्ध र बुद्धधर्म सम्वन्धि हाजिरी जवाफ प्रतियोगितामा विजयी समूह तथा सहभागी विद्यार्थीहरूलाई भिक्षु आनन्दले पुरस्कार वितरण गर्नु भएको उक्त कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई शान्तिवन समिति परिवारबाट जलपान दान गरिएको थियो ।

## श्रामणेर प्रव्रज्या

२०६० मंसीर ७ गते, गणमहाविहार, काठमाडौं ।

भिक्षु अश्वघोष महास्थविरको उपाध्यायत्त्वमा र भिक्षु सोभितको आचार्यत्त्वमा चारजना कुलपुत्रहरूले श्रामणेर प्रव्रज्या ग्रहण गरेको समाचार छ । प्रव्रज्या ग्रहण गर्ने नव श्रामणेरहरूको नामावली यसरी रहेको कुरा समाचारमा उल्लेख गरिएको छ ।

(१) श्रामणेर सोमानन्द (२) श्रामणेर सोरत (३) श्रामणेर सोम रतन (४) श्रामणेर सोमवंश ।

संघनायक भिक्षु सुबोधानन्द महास्थविरको उपस्थितीमा सम्पन्न गरिएको उक्त कार्यक्रममा भिक्षु सोभितले बुद्ध शासन चिरस्थायी गर्ने उद्देश्यले यी कुलपुत्रहरूलाई श्रामणेर प्रव्रज्या गराइएको कुरा प्रष्टाउनु भएको थियो ।

उक्त कार्यक्रमका प्रमुख अतिथी काठमाडौं महानगरपालिकाका मेयर केशव स्थापितले काठमाडौं नगर पालिका भित्र एक विशाल बुद्ध मूर्ति स्थापना गरी उक्त बुद्ध मूर्ति भित्र बौद्ध विश्वविद्यालय स्थापना गर्ने लक्ष रहेको कुरा बताउनु भएको थियो ।

यसरी नै धम्मवती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै गुरु र आमाबुबा हुने व्यक्तिहरूमा मैत्री, करुणा मुदिता र उपेक्षा आदि चतुर्ब्रह्मबिहार जस्तो पवित्र गुणहरूले सम्पन्न हुनेपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो– गुरुले आफ्ना चेलाहरूलाई मैत्री र करुणा चित्त प्रयोग गरी ठीक बाटो देखाउँदा देखाउँदै पनि भनेको कुरा नमानी गलत बाटो अपनाउँदछ भने त्यस्तो अवस्थामा गुरुले आफ्नो मनलाई उपेक्षा (तटस्थ) भावनाले ठीक ठाउँमा राख्न सक्नु पर्दछ । यसरी नै यदि कुनै चेलाले राम्रो बाटो पछ्याउँछ र उसले जीवनमा सफलता प्राप्त गर्दछ भने त्यस्तो अवस्थामा गुरुले ईर्ष्या होइन मुदिता भावनाले आफ्नो मनलाई ठीक ठाउँमा राख्न सक्नु पर्दछ । किनभने जहाँ इर्ष्या भाव रहन्छ, त्यहाँ मुदिता चित्त रहन सक्दैन । जहाँ मुदिता चित्तले ठाउँ लिन्छ, त्यहाँ इर्ष्याले ठाउँ लिन सक्दैन ।"

भिक्षु अश्वघोष महास्थविरले मानिसलाई असल मानिस बन्ने शिक्षा प्रचार गर्नका लागि आ-आफ्ना पुत्रहरूलाई त्याग गर्न सकेमा उनीहरूले धर्मको अंश पाउने कुरा प्रष्टाउनु भएको थियो ।

## बु.सं. २५४७ (वि.सं. २०६०) को नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षा माघ १० गते देखि सञ्चालन हुने

यस वर्ष बु.सं. २५४७ (वि.सं. २०६०) को नेपाल बौद्ध परियत्ति शिक्षाको लागि आवेदन फर्म वितरण यहि वि.सं. २०६० साल कार्तिक २२ गते प्रारम्भ भइसकेको र मंसीर मसान्तभित्रमा अनिवार्य रूपले सबै केन्द्रहरूले आवेदन फर्म परियत्ति सम्पर्क सचिवालयमा बुझाउनु पर्नेछ । परीक्षाको लागि विभिन्न तयारी गर्नुपर्ने भएकोले ढिलो दस्तुर सहित पुष १० गते सम्म मात्र आवेदन फर्म बुझाउनु सकिनेछ ।

साथै प्रत्येक केन्द्रका परीक्षार्थीहरूलाई प्रवेश-पत्र (अधकट्टी) पुष १५ गते वितरण गरिनेछ र उक्त प्रवेश-पत्रमा कुनै प्रकारको त्रुटी हुन गएमा पुष २२ गते सम्म सम्पर्क राखी त्रुटी सच्याउनुपर्नेछ ।

साथै यस वर्षको परीक्षा प्रारम्भिक प्रथम वर्षदेखि प्रवेश तृतीय वर्षसम्म एक चरण र परियत्ति सद्धम्म पालक उपाधिदेखि कोविद अन्तिम वर्षसम्म एक चरण गरी दुई चरणमा संचालन हुनेछ । साथै प.स.पा. उपाधिदेखि कोविद अन्तिम वर्षसम्मको परीक्षा एक दिन बिराएर गर्ने कुराको पनि जानकारी गराइन्छ ।

(क) वि.सं. २०६० माघ १० गते शनिवारदेखि (प्रा.प्र. वर्षदेखि - प्र.तृ.वर्षसम्म) दिउँसो १:०० बजेदेखि ४:०० बजेसम्म र

(ख) माघ १७ गते शनिवारदेखि (प.स.पा.को उपाधि परीक्षा - कोविद अन्तिम वर्षसम्म) विहान ७:०० बजेदेखि १०:०० बजेसम्म ।

**पुनश्च:** *प्रारम्भिक प्रथम वर्षदेखि कोविद अन्तिम वर्षसम्मको परीक्षा तालिका पछि सबै केन्द्रहरूमा पठाइने कुरा जानकारी गराइन्छ ।* *- ने.बौ.प.शि.*

## समाचार खण्डन सम्बन्धमा

यहि २०६० साल अशोज २७ गते मंगलवारको अन्नपूर्णपोष्ट "दैनिक' मा 'लुम्बिनीको ऐतिहासिक अशोकस्तम्भ खतरामा" शिर्षकमा एक समाचार प्रकाशित भएको पाइएको तथा त्यसमा यस कोषका सदस्य-सचिवज्यूको नाम पनि उल्लेख भएको सम्बन्धमा यस कोषको ध्यान आकर्षित भएको छ । उक्त समाचारमा अशोकस्तम्भ बीच भागमा चर्केको कुरा विशेष महत्वकासाथ लेखिएको छ । तर यो कुनै नयाँ समाचार भने होइन । स्मरणीय छ, चिनिया यात्री ह्वेनसांग तीर्थयात्राको क्रममा सन् ६३६ मा लुम्बिनीमा आउँदा को स्तम्भ पहिले नै बज्र परी चर्किएको देखेको कुरा उनको यात्रावर्णनमा लेखिएको पाइन्छ । यस प्रकारको यो स्तम्भ हाल चर्केको नभई सन् ६३६ भन्दा धेरै बर्षअघि नै वज्र परी स्तम्भको टाउकोमा रहेको घोडा विखण्डित भएको र स्तम्भ चर्केको थियो । यो चर्केको स्तम्भलाई सुरक्षाको लागि स्टेनलेस स्टीलले बाँध्नु उपयुक्त भएकोले सोही अनुसार गरिएको छ । स्तम्भको मूलभाग पूर्णरूपमा सुरक्षित रहेको कुरा लुम्बिनी भ्रमण गर्ने सबै श्रद्धालुहरूलाई अवगत भएको कुरा कोष विशेषरूपमा उल्लेख गर्न चाहन्छ ।

**आङ्ग दावा शेर्पा**
सदस्य-सचिव
लु.वि.कोष



Downloaded from http://www.dhamma.digital

## धर्मदेशना

२०६० कार्तिक १ गते ।

थाय्- विश्व मैत्री विहार, यल लाय्कू ।

लय्लय् पतिकं बुद्धपूजा धर्मदेशना याना वयाच्वंगु ज्याझ्वले थुगु दिनय् भिक्षुणी सुजाता नं धर्मदेशना याना बिज्या:गु ख: । मोहन शाक्यं लसकुस यानादीगु थुगु ज्याझ्वले लोक वहादुर शाक्यं सुभाय् देछानादीगु ख: ।

अथेहे आश्वीन २३ गते कतिं पुन्ही खुन्हु भिक्षु सुनन्दं धर्मदेशना याना बिज्या:गु समाचार दु ।

## बौद्ध संघया न्हूधा:

२०६० कार्तिक २३ गते । स्थान- ख्वप ।

बौद्ध संघ ख्वपया त:मुँज्या व फिक्व:गु अधिवेशन क्वचा:गु समाचार दु । भिक्षु अश्वघोष महास्थविरं उलेज्या याना: शील प्रार्थना याका बिज्या:गु उगु ज्याझ्वले लक्ष्मी प्रसाद छुकां, किरण भाई मानन्धर, धर्म सुन्दर बज्राचार्य, सुवर्ण शाक्य व भिक्षु धम्म शोभन महास्थविर आदि व्यक्तिपिसं भिन्तुना न्वचु बियादीगु खँ सीदु । त्रिरत्न शाक्यया सभापतित्त्वे क्वचा:गु थुगु ज्याझ्वले पुष्प रत्न शाक्यं सुभाय् बियादीगु ख:सा सुगत रत्न बज्राचार्यं थुगु ज्याझ्व: न्ह्याकादीगु ख: । सिद्धिरत्न शाक्यया स्वागत भाषण लिपा लक्ष्मी चन्द्र बज्राचार्यं संघया प्रतिवेदन व खर्चया ल्या:चा: न्यंकादीगु थुगु ज्याझ्वले संघया कार्यसमितिया न्हूधा: जूगु नं समाचार दु । न्हूधा:कथं दुज:पिं थुकथं ल्य:गु खँ समाचारे उल्लेख जुयाच्वंगु दु–

नायो- त्रिरत्न शाक्य, ल्यू नायो- संघरत्न शाक्य, छ्याञ्जे- लक्ष्मी चन्द्र बज्राचार्य, ल्यू छ्याञ्जे- पुष्रत्न शाक्य, दांभरी- पुण्य रत्न शाक्य, दुज:पिं- तुलसी काजी मानन्धर, प्रकाश सुवाल, लक्ष्मी नारायण शिल्पकार, रत्न सुन्दर शाक्य, राजुमान वज्राचार्य व सुगत रत्न बज्राचार्य आदि ।

## श्रामणेर उत्तमो मोतिलानि सिरपा:पाखें सम्मानित

विश्व शान्ति बौद्ध शिक्षालयय् अध्ययन याना बि.सं. २०५९ सालया एस.एल.सी. परीक्षाय् नेपालभाषा विषय कया: दकलय् अप्व: ल्या: हया द्वितीय श्रेणी उत्तीर्ण जूम्ह श्रामणेर उत्तमोयात (वसपोल थौं कन्हे म्यानमारया त्रिपिटकधर सयादो ऊ. सुमंगलालंकारया विहारय् च्वना बुद्ध शिक्षा अध्ययन यानाच्वंगु दु ।) २०६० मंसीर ६ गते, शनिवार खुन्हु त्रिविविया उप-कुलपति प्रा.डा. गोविन्दप्रसाद शर्मा मोतिलानी सिरपा: ल: ल्हात । म्हतिं न्याद्व तका दाँ व दसिपौ सहितया थ्व सिरपा: एस.एल.सी. निसें एम.ए. तगिंतक नेपाल भाषा बिषय कया दकलय् अप्व: ल्या: हया छक्वलं पास जूपिं विद्यार्थीपिंत वंगु च्यादँ न्ह्योनिसें बियावयाच्वंगु दु: । व हे दिनय् आइ.ए. तगिमय् पाटन संयुक्त क्याम्पसया सुनैना शाक्य, स्नातक तगिमय् प्राइभेटपाखें सुभाषराम प्रजापति व स्नातकोत्तर तगिमय् त्रिविवि नेपालभाषा केन्द्रीय विभागया राजितबहादुर श्रेष्ठयात नं उगु सिरपा: ल:ल्हागु ख: । थुगु सिरपा:या दाता एवं संरक्षक मोतिलानि ताम्राकार ख: । मोतिलानी सिरपा: ग्वसा: खल:या मू नाय: डा. सुन्दरकृष्ण जोशीया सभापतित्वय् उगु ज्या:झ्व: न्ह्यागु ख: ।

## गुणानुस्मरण र श्रद्धाञ्जली सभा

२०६० मंसीर १० गते, बुधवार ।

स्थान- ध्यानकुटी विहार, बनेपा ।

बनेपा बोधिसत्त्व लायम्ह पुच:या सहसचिव, सचिन शाक्यया मां दिलमाया शाक्य (ध्यानकुटी विहार या आजीवन सदस्य) आकाफाकां दिवंगत जूगुलिं ल्यायम्ह पुच:या आयोजनाय् मदुम्हेसिगु गुण अनुस्मरण यासे श्रद्धाञ्जली सभा या:गु जुल ।

पुच:या अध्यक्ष सुमन शाक्यया सभापतित्त्वे क्वचा:गु उगु समारोहे पुच:या निवर्तमान अध्यक्ष निरन शाक्यं स्वागत भाषण यासे गुणानुस्मरणया महत्त्वयात कया: न्ववाना बिज्यात ।

अथेहे भिक्षु अश्वघोष महास्थविरं दिवंगत दिलमाया शाक्यया धर्मया ख्यले दुगु क्वातुगु श्रद्धाया विषयले न्ववासे धयाबिज्यात-ध्यानकुटी विहारे पर्व पर्वय् बुद्धपूजा ज्वीबले तुति स्या: मधास्य फाया: सलाकदान बिया: वयकलं बल्ला:गु श्रद्धा प्वंका: पूण्य कार्य यानाच्वंम्ह जूगुलिं थज्या:गु पूण्यंहे वयक:या उपकार अवश्य नं ज्वी ।

थुगु ज्याझ्वले सुमन शाक्यं गुणानुस्मरण सभा याय्मा:गुया कारण उल्लेख यासे दिवंगत जूम्ह व्यक्तिया परिवारं धैर्य धारण यासे मरणानुस्मृतिया नापं अनित्ययात थ्वीके फय्मा धका: थ:गु न्वचू प्वंका श्रद्धाञ्जली याना बिज्यात । अन्ते सकसितं जलपान दान जूगु समाचार दु । ■

बा.अ.का.द.नं. - ७०/०४०/४१

# ❁ अनिच्चावत संखारा ❁

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।**
**उपज्जित्वा निरुज्झन्ती तेसं उपसमो सुखो ॥**



*बुदिं :*
**ने.सं. १०६२ साल**
**मंसीर शुक्लपक्ष अष्टमी**
**(बि.सं. १९९८)**

*मदुगुदिं:*
**ने.सं. ११२३ थिंलाथ्व**
**शुक्लपक्ष दुतीया**
**(बि.सं. २०५९**
**मंसीर २९ गते, शुक्रवार)**

## दिवंगत सानुनानी वज्राचार्य

दिवंगत जहान **सानुनानी वज्राचार्य** मदुगु दकिला/दछिया (वार्षिक)
पुण्य तिथिसं मदुम्हेसित निर्वाण पद लायमा धका:
कामना यासें श्रद्धाया स्वाँ देछाया च्वना ।

*जहान:* **झनक राज वज्राचार्य**
गाबहाल, वँला, पूर्णचण्डि, यल । (बट्टार बजार वडा नं. ३, त्रिशुली, नुवाकोट)

*कायपिं/भौ:* **शान्त राज वज्राचार्य - मीरा वज्राचार्य**
**शैलेन्द्र वज्राचार्य**

*म्ह्यायपिं:* **शान्ति शाक्य, शोभा शाक्य, संगिता शाक्य**

*छ्र्यपिं:* **मेरिना वज्राचार्य रोजेन शाक्य पलिस्था शाक्य सुवोजित शाक्य**
**आयुष्मा वज्राचार्य श्लेस्ना शाक्य**

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय: नक्साल, नागपोखरी, पोष्ट बक्स: ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: ...५२५८६७८
Downloaded from http://www.dhamma.digital